आर्थिक वर्ष २०७९/०८० को

# बजेट वक्तव्य

सुदूरपश्चिम प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालय

धनगढी, कैलाली

२०७९

आर्थिक मामिला मन्त्री माननीय प्रकाश रावलले

सुदूरपश्चिम प्रदेश सभा समक्ष प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७९/०८० को

# बजेट वक्तव्य

सुदूरपश्चिम प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालय

धनगढी, कैलाली

२०७९

**माननीय सभामुख महोदय,**

१. नेपालको संविधानको धारा २०७ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला मन्त्रीको हैसियतले यस गरीमामय प्रदेश सभामा आगामी आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु। सरकारले चार वर्षको अवधिमा हासिल गरेको अनुभव र उपलव्धीलाई संस्थागत गर्दै नागरिकको विकास, सुशासन र समृद्धि प्रतिको आकांक्षालाई सम्वोधन गर्ने मूल ध्येयका साथ प्रस्तुत बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

२. नेपाली नागरिकको सार्वभौम अधिकार सहितको लोकतन्त्र प्राप्ति र संघीय शासन व्यवस्था स्थापनाका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका आन्दोलनका क्रममा अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। बेपत्ता नागरिक तथा घाइतेप्रति उच्च सम्मान व्यक्त गर्दछु।

३. संघीय शासन प्रणालीको आधारस्तम्भको रूपमा रहेको स्थानीय तहको हालै सम्पन्न दोस्रो निर्वाचनबाट निर्वाचित हुनु हुने जनप्रतिनिधिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

४. नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व, पन्ध्रौ योजनाको प्राथमिकता, सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, मध्यमकालीन खर्च संरचना, प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटका सिद्धान्त तथा प्राथमिकता उपर माननीय सदस्यबाट प्राप्त सुझाव र दिगो विकास लक्ष्य सहितका अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई बजेट तर्जुमाको मार्गदर्शनको रूपमा लिएको छु। स्थानीय तह, राजनीतिक दल, निजी तथा सहकारी क्षेत्र, विद्वतवर्ग र आम नागरिक लगायत सरोकारवालाबाट प्राप्त सुझावलाई समेत आधार लिएको छु।

५. समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संवैधानिक संकल्पलाई पूरा गर्न निरपेक्ष गरिबीको मारमा परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदाय सहितका आम नागरिकको विकासको चाहनालाई सम्बोधन गरी आर्थिक समृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्ने कार्यलाई बजेटमा प्राथमिकतामा राखेको छु।

६. कोभिड-१९ को प्रभावबाट भएको आर्थिक सामाजिक क्षति एवम् मनोवैज्ञानिक सन्त्रासमा कमि आई जनजीवन सामान्य बन्दै गएको छ। यसलाई अवसरको रुपमा लिई आर्थिक तथा सामाजिक क्षेत्रलाई पुनः गतिशिल बनाउनेतर्फ बजेटलाई परिलक्षित गरेको छु। प्रदेश सरकारको विद्यमान संस्थागत संरचना, मानव संशाधन र वित्तीय स्रोत साधनको समुचित परिचालन गरी नागरिकको विकासप्रतिको चाहना र प्रदेशको सीमित स्रोत साधनको उपलव्धताबीच तादम्यता कायम हुने गरी बजेट तर्जुमा गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म सुदूरपश्चिम प्रदेशको समष्टिगत आर्थिक सामाजिक परिसूचक तथा पूर्वाधारको अद्यावधिक अवस्थाको बारेमा संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७. आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रू. ३ खर्ब ३८ अर्ब ७२ करोड हुने अनुमान छ। सो रकम अनुमानित राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको ७.० प्रतिशत हो। आर्थिक वर्ष २०७७/७८ मा पनि यस्तो हिस्सा ७.० प्रतिशत नै रहेको थियो।

८. चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ४.९३ प्रतिशत रहने अनुमान छ। जुन आर्थिक वर्ष २०७७/७८ मा ४.२४ प्रतिशत र आर्थिक वर्ष २०७६/७७ मा २.० प्रतिशत रहेको थियो।

९. यस आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३३.८४ प्रतिशत, उद्योग क्षेत्रको योगदान १४.३१ प्रतिशत र सेवा क्षेत्रको योगदान ५१.७४ प्रतिशत रहने अनुमान छ।

१०. चालु आर्थिक वर्षमा प्रतिव्यक्ति आय (प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादनमा) १ हजार ३१ अमेरिकी डलर रहने अनुमान छ।

११. चालु आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ८ सय २८ रहेको छ। यस प्रदेशका ८८ स्थानीय तहमध्ये बझाङ्गको साइपाल बाहेक सबै पालिकामा बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार भइसकेको छ।

१२. बहुआयामिक गरिबी सूचकाङ्क प्रतिवेदन-२०१८ अनुसार बहुआयामिक गरिबीको संख्या जनसंख्याको ३३.५६ प्रतिशत रहेको छ।

१३. नेपाल मानव विकास प्रतिवेदन-२०२० अनुसार मानव विकास सूचकाङ्क ०.४३१, लैङ्गिक विकास सूचकाङ्क ०.९०३ र लैङ्गिक असमानता सूचकको मान ०.५२२ रहेको छ। नेपालको समग्र मानव विकास सूचकाङ्क भने ०.५४७ रहेको छ।

१४. केन्द्रीय तथ्याङ्क विभागले गरेको नेपाल श्रमशक्ति सर्वेक्षण- २०१८ अनुसार ११.५ प्रतिशत सक्रिय जनशक्ति बेरोजगार रहेका छन्, जुन राष्ट्रिय औसत बराबर हो।

१५. २०७८ फागुनसम्ममा ७१.०७ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुगेको छ। जुन राष्ट्रिय औषत ९४.० प्रतिशतको तुलनामा २२.९३ प्रतिशतले कमी हो। यस अवधिमा यस प्रदेशमा जलविद्युत उत्पादन भई राष्ट्रिय प्रशारण लाईनमा थप हुन सकेन।

१६. चालु आर्थिक वर्ष २०७८/७९ को प्रथम आठ महिना सम्ममा उद्योग दर्ताको संख्या १३० पुगेको छ भने लघु, घरेलु तथा साना उद्योगको संख्या ४१ हजार ४ सय ५८ पुगी उद्योग क्षेत्रमा रू. ४७ अर्ब २० करोड बराबरको लगानी भएको छ । २०७८

फागुनसम्ममा उद्योगबाट १ लाख ९५ हजार ३ सय १७ जनालाई रोजगारी सिर्जना भएको छ ।

१७. चालु आर्थिक वर्ष २०७८/७९ को प्रथम आठ महिना सम्ममा ८८ वटै स्थानीय तहमा गरी ५ हजार ४ सय ७५ किलोमिटर सडक निर्माण भएको छ।

१८. शैक्षिक वर्ष २०७८ सम्ममा कुल विद्यालय संख्या ४ हजार ६१ पुगेको छ। ती विद्यालयमा १६ हजार ५ सय ८४ शिक्षक कार्यरत रहेका छन्। विभिन्न तहमा ७ लाख ९५ हजार १ सय ७६ विद्यार्थी अध्ययनरत छन्। ती मध्ये छात्रा ५०.२ प्रतिशत र छात्र ४९.८ प्रतिशत रहेका छन्।

१९. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सरकारी, निजी र सामुदायिक स्वास्थ्य संस्थाले प्रदान गरेका भर्ना, बहिरङ्ग र आकस्मिक सेवामध्ये दुबैमा धेरै पटक सेवा लिनेको संख्या १ लाख ६२ हजार ६ सय ७१ रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो संख्या १ लाख ५० हजार ३ सय ८१ रहेको थियो।

२०. आर्थिक वर्ष २०७८/७९ मा प्रमुख बालीमध्ये करिब ४ लाख ४१ हजार मेट्रिक टन धान, १ लाख ३६ हजार मेट्रिक टन मकै, ३ लाख ७१ हजार मेट्रिक टन गहुँ, २३ हजार मेट्रिक टन कोदो र ७ हजार मेट्रिक टन जौं उत्पादन हुने अनुमान छ।

२१. वन क्षेत्रले कुल भू-भागको ५८.६६ प्रतिशत ओगटि १९ लाख ५३ हजार ९ सय हेक्टर वन क्षेत्र कायम भएको छ जुन नेपालको कुल वन क्षेत्रको १७.३४ प्रतिशत हुन आउँछ।

२२. चालु आर्थिक वर्षमा कुल सरकारी खर्च विनियोजनको तुलनामा ६८ प्रतिशत अर्थात रू. २३ अर्ब ७० करोड १८ लाख १३ हजार हुने संशोधित अनुमान छ। कुल सरकारी खर्चमध्ये चालुतर्फ ४२.९८ प्रतिशत अर्थात रू. १० अर्ब १८ करोड ८१ लाख र पूँजीगततर्फ ५८.१७ प्रतिशत अर्थात रू. १३ अर्ब ७८ करोड ८१ लाख ९ हजार हुने अनुमान छ।

२३. चालु आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारको राजस्व बाँडफाँटबाट रू. ७ अर्ब ९२ करोड ९१ लाख र समानीकरण अनुदान वापत रू. ८ अर्ब ५४ करोड ४० लाख स्रोत अनुमान गरिएकोमा सोही बमोजिम प्राप्त हुने अपेक्षा छ। रोयल्टीतर्फ रू. ३ करोड ९४ लाख ६३ हजार प्राप्त हुने अनुमान गरिएकोमा रू. ४ करोड २ लाख २१ हजार प्राप्त भएको छ। आन्तरिक स्रोततर्फ रू. १ अर्ब ८ करोड ३० लाख २० हजार परिचालन हुने अनुमान गरिएकोमा हालसम्म रू. १ अर्ब १३ करोड ३३ लाख ७५ हजार असुली भई आर्थिक वर्षको अन्त्यसम्ममा रू. १ अर्ब २५ करोड ७५ लाख २३ हजार प्राप्त हुने संशोधित अनुमान छ। यसरी राजस्व बाँडफाँट, समानीकरण अनुदान, रोयल्टी र आन्तरिक

आय समेतबाट जम्मा रू. १७ अर्ब ७७ करोड ८ लाख ४४ हजार हुने संशोधित अनुमान छ।

२४. आर्थिक वर्ष २०७७/७८ मा रू. ६ अर्ब ६८ करोड ३० लाख ६१ हजार बचत हुने अनुमान गरिएकोमा सो रकम रू. ५ अर्ब ६८ करोड ११ लाख २३ हजार कायम भएको छ।

२५. चालु आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारबाट प्राप्त हुने समपूरक अनुदानतर्फ रू. १ अर्ब २२ करोड ९४ लाख अनुमान गरिएकोमा हालसम्म रू. ८१ करोड ९४ लाख, विशेष अनुदानतर्फ रू. ६१ करोड ३५ लाख अनुमान गरिएकोमा रू. ४० करोड ८६ लाख र सशर्त अनुदान वापत रू. ४ अर्ब २१ करोड ७९ लाख १० हजार अनुमान गरिएकोमा रू. २ अर्ब १८ करोड २७ लाख ८७ हजार प्राप्त भएको छ।

**माननीय सभामुख महोदय,**

अब म **बजेटका उद्देश्य तथा प्राथमिकता** प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२६. '**आत्मनिर्भर र समृद्ध सुदूरपश्चिम प्रदेश**' निर्माण गर्ने ध्येयका साथ प्रस्तुत बजेटको उद्देश्य देहायअनुसार उल्लेख गरेको छुः

**(क)** कृषि, उद्योग र सेवा क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण मार्फत उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गरी उच्च र दिगो आर्थिक बृद्धि हासिल गर्ने।

**(ख)** महामारी र विपद्बाट शिथिल भएको आर्थिक तथा सामाजिक क्षेत्रलाई पुनर्स्थापित गरी यस क्षेत्रमा भएको क्षति न्यूनीकरण गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने।

**(ग)** सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा लगानी तथा क्षमता अभिबृद्धि गरी रोजगारी र स्वरोजगारका अवसर सिर्जनामार्फत गरिबी निवारणमा सहयोग गर्ने।

**(घ)** उपलव्ध स्रोत साधनको समन्यायिक तथा अधिकतम परिचालनबाट सन्तुलित, समावेशी, आत्मनिर्भर र समाजवाद् उन्मुख अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउने।

**(ङ)** सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, प्रविधिमैत्री, सेवाग्राहीमैत्री र सर्वसुलभ बनाई सरकारप्रतिको जनविश्वास अभिवृद्धि गर्ने।

**माननीय सभामुख महोदय,**

अब म उल्लिखित बजेटका उद्देश्य पूरा गर्न तय गरिएका **प्राथमिकता** प्रस्तुत गर्दछुः

२७. बजेटका प्राथमिकता निम्नानुसार निर्धारण गरेको छुः

(क) कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायीकरण, आधुनिकीकरण, सामुहिकीकरण र बजारीकरण।

(ख) निजी क्षेत्र समेतको सहभागितामा पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण र प्रवर्द्धन तथा पर्यटकीय पूर्वाधार विकास।

(ग) वन, जैविक विविधता तथा जलाधारको संरक्षण र प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन तथा सदुपयोग ।

(घ) स्वदेशी तथा स्थानीय श्रम, सीप, पूँजी र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग, पेशा, व्यवसायको जगेर्ना र प्रवर्द्धनमार्फत रोजगारी तथा स्वरोजगारको अवसर सिर्जना र गरिबी निवारण।

(ङ) दिगो, गुणस्तरीय र प्रतिफलदायी भौतिक पूर्वाधार निर्माण।

(च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच।

(छ) गुणस्तरीय शिक्षा, खेलकूद, भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, प्रबर्द्धन र विकास।

(ज) आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रुपमा पछि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायको सशक्तिकरण मार्फत सन्तुलित, समन्यायिक, समावेशी एवम् समानुपातिक विकास।

(झ) सुरक्षा निकाय र आमसञ्चार क्षेत्रको पूर्वाधार तथा क्षमता अभिवृद्धि र विपद् व्यवस्थापन।

(ञ) गुणस्तरीय सार्वजनिक सेवामा सहज पहुँच, भ्रष्टाचार निवारण र सुशासन अभिवृद्धि।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७९/०८० को कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छुः

<u>कृषि तथा पशुपन्छी</u>

२८. **"आत्मनिर्भर कृषिः प्रदेशको समृद्धि"** भन्ने नाराका साथ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गरी आर्थिक समृद्धि हाँसिल गर्न जग्गा चक्लाबन्दी र खेती चक्लाबन्दीलाई प्रोत्साहित गर्दै जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ। बाँझो जमिनको सदुपयोग गरी कृषि तथा पशुजन्य उत्पादनमा बृद्धि गर्न स्थानीय तहसँगको समन्वय र सहकार्यमा बाँझो जमिन बैङ्क स्थापना गरिनेछ।

२९. **"नमुना गाँउः आफैं बनाउँ"** भन्ने नाराका साथ सञ्चालित **मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम**लाई निरन्तरता दिएको छु। यस कार्यक्रम मार्फत प्रदेशमा प्रमुख कृषि वस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षा कायम गरिनेछ। यसका लागि रू. २५ करोड विनियोजन गरेको छु।

३०. **"प्रदेश सरकारः कृषकको अभिभावक"** भन्ने नाराका साथ उन्नत बिउ बिजन, कृषि ऋण, भन्सार शुल्क, बिमा शुल्क र विद्युत महशुलमा सहुलियत कार्यक्रमलाई निरन्तरता दिएको छु। कृषि तथा पशुपन्छी क्षेत्रमा द्रुत प्राविधिक सेवा प्रवाहका लागि कृषि बाली तथा पशु स्वास्थ्य शिविर सञ्चालन गर्न व्यवस्था मिलाएको छु। यसका लागि रू. ६ करोड विनियोजन गरेको छु। साल्ट ट्रेडिङ लिमिटेडबाट बिक्री हुने रासायनिक मलमा अनुदान दिन रु. १ करोड विनियोजन गरेको छु।

३१. **"एक खेतमा तीन बालीः उत्पादन बृद्धि गरौं यसपाली"** भन्ने नाराका साथ कृषकको खेतीयोग्य जमिनमा वर्षैभरि सिंचाईको सुविधा विस्तार गरी उत्पादन बृद्धि गर्न कृषक समुह र सहकारी मार्फत प्रदेश भरिमा १६ सय बोरिङ्ग, ४ सय कुलो र पोखरी निर्माण गरिनेछ। कृषि सहकारी तथा समुहमार्फत कृषि यान्त्रिकिकरण तथा कष्टम हायरिङ्ग कार्यक्रमलाई निरन्तरता दिएको छु। सिंचाई र कृषि यान्त्रिकिकरणका लागि रू. १५ करोड विनियोजन गरेको छु।

३२. धान चामलको आयात प्रतिस्थापन गर्न **"धान मिल मोडल"** मा धान उत्पादन बृद्धिका विशेष कार्यक्रम सञ्चालन गरिनेछन्। प्रत्येक जिल्लालाई खाद्यान्न बिउ बिजनमा आत्मनिर्भर बनाउन तथा बिउ उत्पादनलाई उद्योगको रुपमा सञ्चालन गर्न **"एक स्थानीय तह एक बिउ श्रोत केन्द्र"** स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु। कञ्चनपुर जिल्लाको पुनर्वास नगरपालिकामा रहेको ७४ विघा जग्गामा हिउँद तथा वर्षा याममा मूल बिउ उत्पादन गरिनेछ। बिउ बिजनतर्फ रू. ८ करोड विनियोजन गरेको छु।

३३. कृषि उपजको बजारीकरण प्रबर्द्धन गर्न "**एकिकृत कृषि बजार, हाटबजार सञ्चालन तथा संकलन केन्द्र**"को निर्माण गरिनेछ। विगतमा शुरु भएका कोल्ड च्याम्बर, कोल्ड रुम र राईपेनिङ्ग च्याम्बरको निर्माण सम्पन्न गरिनेछ। नेपाल सरकारसँगको साझेदारी तथा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप बहुच्याम्बर भएको कोल्डस्टोर निर्माण गर्ने व्यवस्था मिलाएको छु। कृषि उपज प्रशोधन, भण्डारण तथा बजारीकरणका लागि रू. १५ करोड विनियोजन गरेको छु।

३४. **"मेरो उत्पादनः प्रदेशको पहिचान"** भन्ने नाराका साथ प्रदेशभित्र उत्पादन भएका सुन्तला, कागती, जुनार, चुक, आँप, लिचि, केरा, स्याउ, ओखर, आलु, दलहन, वासमती चामल, जैतुन र मह जस्ता उच्च मूल्यका बालीलाई उत्पादनस्थलको भौगोलिक पहिचान सहितको ब्राण्डिङ गरी बजारीकरण गरिनेछ। जिल्ला तथा प्रदेशस्तरमा कोशेली घर स्थापना तथा सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु। दार्चुला जिल्लामा प्राङ्गारिक अदुवा उत्पादन प्रबर्द्धनका लागि रू. ४० लाख विनियोजन गरेको छु।

३५. **"कृषि आयमा बृद्धिः किसानको समृद्धि"** का लागि कृषि बाली वस्तुको न्यूनतम समर्थन मूल्य तोक्न आवश्यक व्यवस्था मिलाइने छ। न्यूनतम समर्थन मूल्यमा बाली वस्तु खरिद र भण्डारण गर्न निजी क्षेत्र र सहकारीलाई प्रोत्साहन गरिनेछ।

३६. **"व्यावसायिक खेती गरीः एउटै बाली गाँउ भरी"** भन्ने नाराका साथ तरकारी, आलु र मसला खेतीका लागि सामुहिक र चक्लाबन्दी गरी १५ सय हेक्टर क्षेत्रफलमा खेती विस्तार गरिनेछ। युवा पुस्तालाई व्यावसायिक तरकारी खेतीतर्फ आकर्षित गरी स्वरोजगार बनाउन ग्रीन हाउस, नेट हाउस तथा सिंचाई पूर्वाधार निर्माण गर्न प्रोत्साहन गरिनेछ। तरकारी, आलु र मसला खेती विस्तारका लागि रू. १२ करोड विनियोजन गरेको छु।

३७. **"आजको लगानी बोटमाः भोलिको प्रतिफल नोटमा"** भन्ने नाराका साथ व्यावसायिक फलफूल खेती प्रवर्द्धन गर्न सबै जिल्लामा आधुनिक प्रविधियुक्त आँप, लिची, स्याउ, ओखर र सुन्तलाजातका फलफूलको बगैंचा स्थापना गर्ने व्यवस्था मिलाएको छु। फलफूलको प्रशोधन तथा बजारीकरणलाई उद्योगको रुपमा विकास गरिनेछ। प्रमुख राजमार्ग, सहायक राजमार्ग, हुलाकी सडक र अन्य स्थानीय सडक आसपासका क्षेत्रमा व्यावसायिक खाद्यान्न, फलफूल र उच्च मूल्यका उपजको खेती गर्न प्रोत्साहन गरिनेछ। फलफूल क्षेत्रको समग्र विकासका लागि रू. ८ करोड विनियोजन गरेको छु।

३८. **"किसान हुनुमा मलाई गर्व छ"** भन्ने नाराका साथ कृषि पेशालाई मर्यादित र सम्मानित बनाउन प्रदेशस्तरमा सञ्चालित "**भीमदत्त उत्कृष्ट कृषक पुरस्कार**"लाई निरन्तरता दिएको छु।

३९. **"माटो जोगाऔः उत्पादन बढाऔं"** भन्ने नाराका साथ कृषि योग्य भूमिको माटोलाई स्वस्थ बनाई माटोको उर्वराशक्ति बढाई बाँझो र उपयोगमा नरहेका जग्गालाई कृषि र पशुपालन कार्यका लागि उपयोगमा ल्याउन भू-उपयोग योजना तयार गरिने छ। जलवायुमैत्री कृषि, माटो सुधार र प्राङ्गारिक खेतीलाई विशेष प्राथमिकता दिईने छ। स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँगको सहकार्यमा छाडा सडक चौपाया व्यवस्थापन एवम् गोठखोर र भकारो सुधारका कार्यक्रम अभियानका रुपमा सञ्चालन गरी प्राङ्गारिक र जैविक मल उत्पादन गरिने छ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४०. कृषिजन्य वस्तुको आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गराउन कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम प्राथमिकतामा राखी सञ्चालन गरिनेछ। खाद्यान्न, तरकारी, फलफूल, माछामासु र दूधमा आत्मनिर्भर हुन सहयोग पुग्ने गरी प्रतिफल र उत्पादनमा आधारित प्रोत्साहन अनुदान दिनका लागि रू. २ करोड विनियोजन गरेको छु।

४१. युवा व्यवसायी र वैदेशिक रोजगारीमा रहँदा कृषि तथा पशुपन्छी सम्बन्धी ज्ञान, सीप र प्रविधि सिकेर फर्किएका युवालाई कृषि तथा पशुजन्य उद्योग र नविनतम प्रविधिमा आधारित अत्याधुनिक फार्म स्थापनाका लागि प्रोत्साहित गर्न रू. ५ करोड विनियोजन गरेको छु।

४२. मुक्त कमैया, मुक्त हलिया, शहिद परिवार, दलित, एकल महिला, अपाङ्ग, अतिविपन्न तथा सिमान्तकृत वर्गका लागि **कृषि व्यवसायमार्फत जीविकोपार्जन सुधार कार्यक्रम** सञ्चालन गर्न रू. ३ करोड विनियोजन गरेको छु।

४३. नेपाल सरकार र स्थानीय तहसँगको लागत साझेदारीमा सञ्चालन हुने **आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम** कार्यान्वयन गर्न आवश्यक पर्ने लागत साझेदारीको रकम अर्थ विविध शीर्षकमा समावेश गरेको छु।

४४. पशुनश्ल सुधार गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिंदै तरल नाईट्रोजन उत्पादन गर्न प्लान्ट स्थापनाको लागि रू. ५ करोड विनियोजन गरेको छु।

४५. कृषि तथा पशुपन्छी रोग र किराको रोकथामका लागि भेटेरिनरी तथा कृषि निरीक्षण, निगरानी, अन्वेषण, नियन्त्रण, उपचार र जैविक सुरक्षा प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। जुनोटिक रोग नियन्त्रणका लागि आवश्यक रणनीति तय गरी **पशु खोप अभियान कार्यक्रम** अन्तर्गत १५ लाख पशुमा खोप लगाउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

४६. प्रदेशलाई दूध, मासु र अण्डामा आत्मनिर्भर बनाई आयात प्रतिस्थापन गर्न ९ वटै जिल्लामा व्यावसायिक गाईभैंसी पालन, बृहत बाख्रा पालन, बंगुर पालन, रैथाने तथा ग्रामीण कुखुरा पालनका लागि फार्म सुदृढीकरण र बजारीकरण गर्न रू. ७ करोड विनियोजन गरेको छु।

४७. उच्च पहाडी भेगमा पशुपालन विस्तारका कार्यक्रम सञ्चालन गरिने छन्। स्थानीय प्रजातिका पशुको संरक्षण तथा उच्च मूल्यका पशुपन्छी पालनका लागि रू. २ करोड विनियोजन गरेको छु।

४८. **"गोठदेखि ओठसम्म स्वच्छ दूध"** भन्ने नाराका साथ प्रदेश दुग्ध विकास वोर्डमार्फत समग्र प्रदेशको दुग्धक्षेत्रको विकासको योजना तयार गरिनेछ। दूधको संकलन तथा बजारीकरणका लागि दुग्ध संकलन, चिस्यान र प्रशोधन केन्द्र स्थापनाको लागि रू. ३ करोड बजेटको व्यवस्था गरेको छु।

४९. पारिवारिक पोषण तथा खाद्य सुरक्षाका लागि **ग्रामिण तथा रैथाने कुखुरा प्रबर्द्धन कार्यक्रम** सञ्चालन गरिने छ। स्वच्छ माछामासुको उत्पादन तथा बिक्री वितरणका लागि मासुपसल तथा मिट मार्ट सुधारका साथै कैलाली र कञ्चनपुर जिल्लाबाट प्रदेशभित्र तथा बाहिर मासु बिक्री वितरण गर्ने व्यवसायीलाई कोल्डरुम र कोल्ड च्याम्बरका लागि बजेट व्यवस्था गरेको छु। मासु क्षेत्रको विकासका लागि रू. ३ करोड बजेटको व्यवस्था गरेको छु।

५०. प्रदेशमा माछाको उत्पादन र उत्पादकत्व बृद्धि गरी आत्मनिर्भर उन्मुख बनाउनका लागि मत्स्य विकास केन्द्र, गेटामार्फत ३ करोड ह्याचलिङ, ५० लाख फ्राई, ३० लाख फिङ्गरलिङ माछाका भुरा उत्पादन गरी बिक्री वितरण गरिनेछ। माछा उत्पादन प्रबर्द्धनका लागि प्राकृतिक ताल तलैया, खाली बाँझो जग्गामा माछापालन तथा उच्च घनत्व सघन माछापालन र चिसोपानीमा माछापालन प्रबर्द्धन गरिनेछ। मत्स्य क्षेत्रको विकासका लागि रू. ८ करोड विनियोजन गरेको छु।

## भूमि व्यवस्था तथा सहकारी

५१. प्रदेशस्थित नापी तथा मालपोत कार्यालयको **पूर्वाधार विकास तथा स्रेस्ता सुधार कार्यक्रम**लाई निरन्तरता दिएको छु। मुक्त कमैया, कमलरी र हलियाको तथ्याङ्क अद्यावधिक गर्न तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

५२. साझेदार सहकारी संघसंस्थाको सहकार्यमा **सहकारी जागरण तथा सचेतना अभियान** सञ्चालन गरिनेछ। उत्पादनमुलक सहकारीलाई प्रदान गरिने अनुदानलाई निरन्तरता दिएको छु। प्रदेशको क्षेत्राधिकारमा रहेका सहकारीको नियमन तथा अनुगमन क्षमता अभिबृद्धि गरिनेछ। सहकारी संस्था समेतको लागत साझेदारीमा सहकारी सञ्चालक, कर्मचारी तथा सदस्यको क्षमता अभिबृद्धि गरिनेछ। सहकारी क्षेत्रको समग्र विकासका लागि रू. १२ करोड विनियोजन गरेको छु।

५३. कृषि, पशुपन्छी, भूमि व्यवस्था तथा सहकारी क्षेत्रका लागि रू. ३ अर्ब १० करोड ३६ लाख विनियोजन गरेको छु।

## वन, वातावरण, भू तथा जलाधार संरक्षण

५४. प्रदेशको आर्थिक समृद्धिमा योगदान बृद्धि गर्न वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ। काष्ठ, गैरकाष्ठ र जडिबुटीमा आधारित वनजन्य उद्यमलाई रोजगारी र आयआर्जनसँग आवद्ध गरी उद्यमशीलता प्रबर्द्धन गरिनेछ।

५५. सामुदायिक वन, साझेदारी वन तथा कबुलियती वन क्षेत्रको व्यवस्थापन मार्फत स्थानीय उपभोक्ताको जीविकोपार्जनमा टेवा पुर्‍याउने क्रियाकलाप सञ्चालन गरिनेछ। वन क्षेत्रमा परेको चापलाई न्यूनीकरण गरी वातावरण संरक्षण गर्न **निजी वन, कृषि वन र शहरी वन विकास कार्यक्रम**का लागि बजेट विनियोजन गरेको छु।

५६. डिभिजन वन कार्यालयद्धारा प्रबर्द्धित वन नर्सरीबाट उत्पादित विभिन्न प्रजातिको ११ लाख ५ हजार विरुवा खाली तथा नाङ्गा वन क्षेत्र र निजी जग्गामा बृक्षारोपण गर्न रू. १ करोड १० लाख ५० हजार विनियोजन गरेको छु।

५७. **"हरित शहरः सबैको रहर"** भन्ने नाराका साथ स्थानीय तहसँगको सहकार्यमा धनगढीस्थित त्रिनगर भन्सारदेखि अत्तरियासम्मको छ लेन सडकलाई सौन्दर्यीकरण गर्न बीचमा रहेको मेडियनमा विभिन्न प्रजातीका सौन्दर्यमूलक विरुवा रोपणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

५८. बसन्ता जैविक मार्ग लगायतका वन क्षेत्रमा भएको अतिक्रमण नियन्त्रणका लागि नेपाल सरकार, स्थानीय तह र वन उपभोक्ता समितिसँग सहकार्य गर्न बजेट विनियोजन गरेको छु।

५९. मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरणका लागि कञ्चनपुरको हिरापुर लगायतका वन्यजन्तुबाट समस्याग्रस्त क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरणका लागि मेसवायर निर्माण गर्न बजेट विनियोजन गरेको छु।

६०. सुख्खा याममा वर्षेनी हुने डढेलोबाट निम्तिने प्राकृतिक विनासलाई दिगो रुपमा नियन्त्रण गर्न प्रभावकारी कदम चालिनेछ। वन डढेलो व्यवस्थापन योजना कार्यान्वयन गर्न रु ५५ लाख विनियोजन गरेको छु।

६१. उच्च हिमाली क्षेत्रमा पाइने जडीबुटी सङ्कलन, उत्पादन, प्रशोधन र बिक्रीवितरणका लागि अध्ययन अनुसन्धान कार्यलाई प्राथमिकता दिइनेछ। सार्वजनिक निजी साझेदारीको

अवधारणा अनुरुप जडिबुटी प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्न रू. १ करोड ५० लाख विनियोजन गरेको छु।

६२. व्यावसायीकरण हुन सक्ने जडिवुटी एवम् गैरकाष्ठ पैदावारको खेती विस्तार गरिनेछ। तराई क्षेत्रका जिल्लामा अगरउड, रक्तचन्दन, सेतो चन्दन, विजयसाल र पहाडी क्षेत्रका जिल्लामा टिमुर, चिराईतो, सतुवा, सेतकचिनी लगायतका जडिबुटी प्रजातिको खेती विस्तार गरिनेछ। यस कार्यका लागि रू. ८७ लाख ५० हजार विनियोजन गरेको छु।

६३. वनजन्य उद्योग प्रवर्द्धनका लागि काष्ठजन्य तथा जडिबुटीजन्य कच्चापदार्थ प्रदेशमै उत्पादन गर्न प्रोत्साहित गरिनेछ। नदी तटीय क्षेत्रमा बाँस, बेत, सिसम लगायतका प्रजातिको वृक्षारोपण गरी स्थानीय उद्योगका लागि कच्चा पदार्थ उत्पादन गरिनेछ।

६४. काष्ठजन्य, जडिबुटीजन्य कच्चापदार्थ तथा प्लास्टिक र धातुजन्य पत्रु सामग्रीको प्रशोधनमा आधारित उद्योगलाई प्रोत्साहन अनुदान दिन बजेट व्यवस्था गरेको छु।

६५. यार्सागुम्वा, सतुवाजस्ता बहुमूल्य जडिबुटीको खेती विस्तारका लागि टिस्यूकल्चर प्रयोगशाला स्थापना गरी बिरुवा उत्पादनमा टेवा पुऱ्याउन रकम विनियोजन गरेको छु।

६६. **"स्वच्छ वातावरण : स्वस्थ जीवन"** भन्ने नाराका साथ जल, वायु, भूमि, ध्वनी जस्ता प्रदुषण नियन्त्रण र न्यूनीकरण गर्न जलवायु परिवर्तन, वातावरण संरक्षण सम्बन्धी सचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६७. प्रदेशका प्रमुख सहरी क्षेत्रका नदी किनार संरक्षण र हरियाली प्रबर्द्धन गर्दै मानव र प्रकृतिबीचको अन्योन्याश्रित सम्बन्धलाई जीवन्त राख्न **वातावरण स्वच्छता अभियान** कार्यक्रम सञ्चालन गरिनेछ।

६८. आगामी आर्थिक वर्षमा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्न प्रदेशस्तरीय रणनीतिक योजना तर्जुमाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६९. भू-संरक्षण क्षेत्रको विकास, विस्तार, जलाधार संरक्षण र संवर्द्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशभित्रका नदी, ताल तलैया, पोखरी, सिमसार लगायतका जलाधार क्षेत्र, बाढी तथा पहिरोको जोखिममा रहेका स्थानको संरक्षणका लागि जल प्रणालीमा आधारित भू-संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न रू. ६८ करोड विनियोजन गरेको छु।

**पर्यटन विकास**

७०. **"सुदूरपश्चिमको दिगो आर्थिक आधार, सबल पर्यटकीय पूर्वाधार"** भन्ने नाराका साथ निजी क्षेत्र र स्थानीय तहसँगको सहकार्यमा प्राकृतिक, सांस्कृतिक, धार्मिक, पर्यावरणीय, साहसिक पर्यटकीय क्षेत्रको विकास र ऐतिहासिक सम्पदाको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न रकम विनियोजन गरेको छु।

७१. पर्यटन प्रबर्द्धनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ। स्थानीय तहसँगको साझेदारीमा नमूना पर्यटकीय गन्तव्यको पहिचान गरी सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

७२. डडेल्धुरा जिल्लाको परशुराम धाम क्षेत्रमा योग, ध्यान तथा सभा सम्मेलन केन्द्र निर्माण गर्न रू. ५० लाख विनियोजन गरेको छु।

७३. गणतन्त्रको जननी जनयुद्धलाई स्मरण गर्दै चिसापानी-राजकाँडा-पण्डौन-बजेडी-खैराला हुँदै खानीडाँडासम्म गुरिल्ला ट्रेल निर्माणका लागि रू. १ करोड ५० लाख विनियोजन गरेको छु।

७४. खप्तड क्षेत्र, रामारोशन क्षेत्र, बडिकेदार क्षेत्र र बैद्यनाथ धाम क्षेत्रमा पर्यटन विकास कार्यक्रम सञ्चालनका लागि रू. ३ करोड विनियोजन गरेको छु। खप्तड क्षेत्रलाई आध्यात्मिक ध्यान केन्द्र र कञ्चनपुरको लालझाडी गाउँपालिकालाई राना थारु साँस्कृतिक पर्यटकीय गाउँका रूपमा विकास गरिनेछ।

७५. वडिमालिका, त्रिपुरासुन्दरी, निंगलासैनी, मेलौली, शैलेश्वरी, उग्रतारा, वेहड़ावावा, शिवपुरीधाम लगायतका प्रदेश भित्रका महत्वपूर्ण धार्मिक स्थलको योजनामा आधारित विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७६. निजी क्षेत्रको सहभागितामा ग्रामीण पर्यटन विकास मार्फत रोजगारी र आयआर्जन अभिवृद्धिका लागि पहाडी जिल्लाका परम्परागत शैलीका घरलाई हेरिटेज होमस्टेका रूपमा विकास गरी पर्यटकीय सेवा विस्तार तथा स्थानीय वस्तुको उत्पादन र उपभोगमा जोड दिइनेछ।

७७. वृत्तचित्र, पर्यटकीय मार्ट, मेला महोत्सव, प्रदर्शनी, प्रचार-प्रसार सामग्री, अन्तरप्रदेश समन्वय भ्रमणजस्ता कार्यक्रमका माध्यमबाट पर्यटकीय क्षेत्रको प्रचार-प्रसार र अपि तथा साईपाल बेस क्याम्पसम्म साहसिक पदयात्राको प्रवर्द्धन गर्न बजेटको व्यवस्था गरेको छु।

७८. नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा कञ्चनपुर जिल्लाको मझगाउँमा निर्माण तथा मर्मत सम्भार हुने विमानस्थलको लागि प्रदेशतर्फको लागत साझेदारी रहने व्यवस्था गरेको छु।

७९. प्रदेशमा पर्यटकीय पूर्वाधारको विकास गरी पर्यटन क्षेत्रको प्रबर्द्धन गर्न ठूला होटल, रिसोर्ट, केबुलकार जस्ता पर्यटकीय पूर्वाधार निर्माण गर्ने उद्योगलाई बैङ्कबाट लिएको कर्जामा निश्चित प्रतिशत व्याज अनुदान दिने व्यवस्था मिलाएको छु ।

**उद्योग, वाणिज्य तथा आपूर्ति**

८०. स्थानीय कच्चा पदार्थको उपलब्धताको आधारमा स्थानीय रोजगारी सृजना गरी प्रदेशलाई औद्योगिकरणको दिशातर्फ उन्मुख गराउन "**एक जिल्ला एक विशिष्ट उद्योग**" प्रवर्द्धन कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु।

८१. लघु, घरेलु तथा साना उद्योगीलाई प्रविधि हस्तान्तरण गर्न एवम् दार्चुला, डडेल्धुरा र कैलाली जिल्लामा मोती उत्पादनका लागि रू. १ करोड ५६ लाख विनियोजन गरेको छु। साथै, अल्लो प्रशोधन तथा अल्लोको कपडा उत्पादन प्रवर्द्धनका लागि रु ३० लाख विनियोजन गरेको छु ।

८२. मोडल उद्यमी तयार गर्न लामो अवधिको आवाशीय तालिम, मागमा आधारित सीपमूलक तथा स्तरोन्नति तालिम र रोजगारी गुमाएका व्यक्तिका लागि उद्यमशीलता तालिम कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।

८३. जनआन्दोलन र जनयुद्धका घाइते, अपाङ्ग, शहीद तथा वेपत्ता परिवारको आय आर्जन, जीवन निर्वाह एवं सिर्जनशील कार्यका लागि विशेष कार्यक्रम सञ्चालन गर्न रु. १२ करोड विनियोजन गरेको छु।

८४. साना उद्योगीलाई उद्योग स्थापना तथा सञ्चालनार्थ लिएको ऋणमा लाग्ने ब्याज तथा विद्युत महशुल अनुदान दिने व्यवस्था मिलाएको छु।

८५. स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमूलक साना तथा घरेलु उद्योग व्यवसायले गरेको उत्पादन, निर्यात र सिर्जना गरेको रोजगारी समेतका आधारमा मौद्रिक प्रोत्साहन दिने व्यवस्था मिलाएको छु।

८६. नेपाल सरकार र स्थानीय तहसँगको समन्वय एवम् सहकार्यमा "**एक स्थानीय तह, एक औद्योगिक ग्राम**" स्थापना गर्ने कार्यक्रमलाई विस्तार गरिनेछ। नेपाल सरकारको सहयोग र निजी क्षेत्रसँगको साझेदारीमा युवामा उद्यमशीलता विकास गरी ज्ञानमा आधारित व्यवसाय विस्तार गर्न विजिनेस इन्कुवेसन सेन्टर सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

८७. परम्परागत रुपमा सोनाहा र राजी जातीले खोलानालाबाट सुनको संकलन तथा राउटे जातिको काष्ठ सामग्री उत्पादन गर्ने सीपको अध्ययन तथा अभिलेखीकरण गरी त्यस्तो सीप र प्रविधिको संरक्षण र आधुनिकीकरण गर्न प्राविधिक सहयोग प्रदान गर्ने व्यवस्था मिलाएको छु।

८८. उद्योगको जिल्लागत जिआइएस नक्साङ्कन सहितको प्रोफाईल तयार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८९. उपभोक्ता हित संरक्षण निर्देशनालयबाट हुने बजार अनुगमनलाई थप प्रभावकारी बनाई गुणस्तरीय उपभोग्य वस्तुको सर्वसुलभ आपूर्ति सुनिश्चित हुने व्यवस्था मिलाएको छु।

९०. स्वदेशी तथा स्थानीय कच्चा पदार्थमा आधारित नेपाली कागज, परम्परागत घरेलु तथा साना उद्योगलाई प्रोत्साहन गर्न बिउ पूँजीको व्यवस्था गरेको छु।

९१. उद्योग, पर्यटन, वन, वातावरण र आपूर्ति क्षेत्रको कार्यक्रम कार्यान्वयन गर्न रू. २ अर्ब ६१ करोड १३ लाख विनियोजन गरेको छु।

## सडक पूर्वाधार

९२. प्रदेश गौरवका, रणनीतिक महत्वका र आर्थिक केन्द्र जोड्ने सडकको निर्माण, सदृढीकरण तथा स्तरोन्नति कार्यलाई थप तीब्रताका साथ सञ्चालन गर्न बजेट विनियोजन गरेको छु। दुई वा सोभन्दा बढी स्थानीय तहको केन्द्रबीचको सडक सञ्जाल विस्तार गर्न आवश्यक व्यवस्था मिलाएको छु। हुलाकी तथा मध्य पहाडी राजमार्गसँग जोडिने प्रादेशिक सडकको निर्माणमा तीब्रता दिई भरपर्दो एवम् सहज पहुँचयोग्य बनाइनेछ।

९३. सडक सम्पत्ति संरक्षण, नियमित मर्मत सम्भार, आपतकालीन मर्मत, पुर्ननिर्माण एवं व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक नीतिगत व्यवस्था गरी दिगो मर्मत सम्भार प्रणालीको संस्थागत विकास गरिनेछ।

९४. प्रदेशको समग्र विकासको लागि मेरुदण्डको रुपमा रहेको रणनीतिक महत्वका खप्तड-मार्तडी, सतबाज-श्रीभावर-हाट, चिसापानी-ऋषिदह-वडिमालिका, दैजी-पोखरा-ढुङ्गाड-बझाङ्ग, खलङ्गा-खार-देथला-पारीबगर-खण्डेश्वरी, दिपायल-साइपाल, सहजपुर-बोकटान-दिपायल, बेलौरी-कलुवापुर-नाइल-बुडर, भजनी-छोटीभन्सार-खेमडी-ठुलीगाड, बोर्डर रोड करिडोर, जयगढ-माष्टाना-रामारोसन र पाटन-पञ्चेश्वर सडक आयोजना निर्माण गर्न रू. १ अर्ब ५३ करोड विनियोजन गरेको छु।

९५. हालसम्म पनि नजिकको राजमार्ग तथा सहायक राजमार्गदेखि स्थानीय तहको केन्द्रसम्म सडक सञ्जाल विस्तार नभएका स्थानीय तह र बार्‍हैमास यातायात सञ्चालन हुन नसक्ने स्थानीय तहको केन्द्रलाई नजिकको राजमार्ग तथा सहायक राजमार्गमा आवद्ध गर्ने र स्थानीय तहको सडक सञ्जालसँगको पहुँच विकास गरी आगामी पाँच वर्षभित्र खण्डास्मित एवम् कालोपत्रे गर्ने व्यवस्था मिलाएको छु। यसका लागि नेपाल सरकार र स्थानीय तह समेतको लागत साझेदारीमा **प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना** सञ्चालन गर्न रू १ अर्ब १५ करोड बजेट विनियोजन गरेको छु।

९६. नेपाल सरकारसँगको सहकार्यमा सञ्चालित **तराई मधेश सडक पूर्वाधार विशेष कार्यक्रम** अन्तरगत कैलाली र कन्चनपुर जिल्लामा हुलाकी सडकदेखि पूर्व पश्चिम राजमार्गसम्म जोड्ने उत्तर दक्षिण सडक कलुवापुर-बेलौरी, सुख्खड-भजनी, जोशीपुर-बौनिया लगायतका सडक निर्माण गर्न रू. ११ करोड ३९ लाख विनियोजन गरेको छु।

९७. आगामी आर्थिक वर्षका लागि नेपाल सरकारको सशर्त अनुदानमा सञ्चालित **वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम** कार्यान्वयन गर्न रू. ७४ करोड ७० लाख विनियोजन गरेको छु।

९८. धनगढी बजारको मूल सडकको कैलाली पूलदेखि हुलाकी सडकसम्मको खण्डलाई स्तरोन्नति गर्न लागत अनुमानका आधारमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

९९. रणनैतिक महत्वका सडकलाई बाह्रै महिना सञ्चालनमा ल्याउन बहुवर्षिय आयोजनाको रुपमा ठेक्का बन्दोबस्त भएका कर्णाली नदी पुल काम्ती बाजुरा, मोहना खोला पुल कञ्चनपुर, गौरीगङ्गा खोला पुल कैलाली, सेती नरिदाङ खोला पुल डोटी, जोरायल खोला पुल डोटी, जोगबुडा खोला पुल डडेल्धुरा, सागुरी खोला पुल कैलाली लगायतका २२ वटा सडक पुल निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१००. राष्ट्रिय **तुइन विस्थापन कार्यक्रम**को उद्देश्य अनुरुप नागरिकको आवागमनलाई सहज बनाउन प्रदेशमा हालसम्म पनि सञ्चालनमा रहेका तुइन विस्थापन गरी थप आवश्यक स्थानमा समेत झोलुङ्गे पुलको निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

१०१. सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप व्यापारिक तथा पर्यटकीय स्थानमा केवलकार निर्माण र सेती, कर्णाली र महाकाली लगायतका ठूला नदीमा जल यातायात सञ्चालनको सम्भाव्यता अध्ययन, सर्वेक्षण तथा विकासका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१०२. गुणस्तरिय निर्माणलाई प्रत्याभुत गर्न र प्राविधिक जनशक्तिको व्यावसायिक क्षमता अभिबृद्धि गर्न **प्रदेशस्तरीय निर्माण सामग्री परीक्षण प्रयोगशाला** स्थापना गरिनेछ।

१०३. सडक पूर्वाधारतर्फ रू. ५ अर्ब ६० करोड ११ लाख विनियोजन गरेको छु।

## उर्जा, सिंचाई तथा नदी नियन्त्रण

१०४. नेपाल सरकारसँगको साझेदारीमा विशेष अनुदानतर्फ कैलाली जिल्लाका गुर्मी सिंचाई योजना कैलारी र खुरखुरिया सिंचाई योजना गौरीगङ्गा गरी २ वटा रणनीतिक महत्वका सिंचाई आयोजना कार्यान्वयनका लागि रू. ११ करोड विनियोजन गरेको छु।

१०५. **पथरैया, मोहना** जस्ता प्रदेश सरकार अन्तरगत सञ्चालनमा रहेका ठूला सिंचाई प्रणालीको व्यवस्थापन र नियमित मर्मत सम्भार गरी बाह्रै महिना नहर सञ्चालन गर्न रू. ६ करोड ७४ लाख बजेट विनियोजन गरेको छु।

१०६. सिंचाई सुविधाको अभावको कारण भूमिको उर्वराशक्ति एवम् कृषि उत्पादनमा हुने ह्रासलाई पूर्ति गर्न कैलाली र कञ्चनपुर जिल्लामा डिप ट्युबेल, पम्प तथा एसेसरिज र ओभरहेड ट्याङ्क निर्माण गरी वितरण प्रणालीलाई प्रभावकारी बनाइनेछ। जसबाट १२ सय ५० हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा थप विस्तार हुनेछ। भूमिगत सिंचाईको लागि रू. २७ करोड ५९ लाख विनियोजन गरेको छु।

१०७. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न क्रमागत लगायतका सिंचाई आयोजनाको निर्माणमार्फत थप २२ सय हेक्टर कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउन रू. १ अर्ब ३७ करोड ७२ लाख विनियोजन गरेको छु।

१०८. सरोकारवाला विषयगत मन्त्रालयको समन्वयमा जग्गा चक्लाबन्दी र खेती चक्लाबन्दीका आधारमा व्यावसायिक कृषि सञ्चालन गर्ने फर्मलाई प्राथमिकता दिइ सिंचाई प्रणाली लगायत अन्य आवश्यक पूर्वाधार निर्माण गरिनेछ।

१०९. **"प्रदेशको पानीः प्रदेशकै नागरिकको लगानी"** अन्तरगत नेपाल सरकारबाट कूल लागतको कम्तिमा २५ प्रतिशत ऋण सहयोग उपलब्ध हुने नीतिको उपयोग गरी स्थानीय तह, निजी क्षेत्र र सुदूरपश्चिमका नागरिक समेतको लागत साझेदारीमा सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएका **नौगाड र सुर्नया गाड जलविद्युत आयोजना**को निर्माण कार्य अगाडि बढाउनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

११०. विद्युत वितरण प्रणालीको सुधारका लागि प्रदेशभित्रका आवश्यक स्थानमा **ट्रान्सफर्मर जडान तथा काठेपोल विस्थापन** सहित सामुदायिक लघु जलविद्युत आयोजना निर्माणका लागि नेपाल विद्युत प्राधिकरण र वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रसँग सहकार्य गरिनेछ।

१११. **"प्रदेशका गाऊँ उज्यालो बनाउँ"** कार्यक्रम अन्तरगत **बाजुराको हिमाली गाउँपालिका, बझाङ्गको सैपाल गाउँपालिका र दार्चुलाको व्यास गाउँपालिका** भित्रका राष्ट्रिय प्रशारण लाईनमा आवद्ध हुन नसकेका स्थानमा **सौर्य मिनी ग्रिड आयोजना** सञ्चालन गरिने छ। उक्त आयोजनाको कार्यान्वयनबाट **२ सय २५ किलोवाट विद्युत उत्पादन** भई कार्बन उत्सर्जन घट्ने र स्वच्छ उर्जामा पहुँच वृद्धि हुने विश्वास लिएको छु। यसका लागी रू. ७ करोड विनियोजन गरेको छु।

११२. पेट्रोलियम पदार्थको खपत न्यूनीकरण गरी विद्युतीय सवारी साधनको प्रयोग बढाउन नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा पेट्रोल पम्प रहेका स्थानमा **चार्जिङ्ग स्टेशन**हरू स्थापना

गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। विद्युतीय चुल्हो, उपकरण तथा यातायातका साधन प्रयोग गरी थप विद्युत खपत गर्न प्रेरित गरिनेछ।

११३. प्राकृतिक विपद्को उच्च जोखिममा रहेका नदी तथा खोलानालाको प्रकोप न्यूनीकरण तथा व्यवस्थापनको लागि तटबन्ध, वायोइन्जिनियरिङ्ग तथा अन्य उपयुक्त प्रविधिको माध्यमबाट जलउत्पन्न प्रकोप नियन्त्रण गर्ने नीति लिएको छु।

११४. चालु आर्थिक वर्षमा वेमौसमी वर्षाका कारण गएको बाढी पहिरोले सिंचाई, खानेपानी, सडक, पुल, नदीतटिय क्षेत्र लगायतमा क्षति भएका संरचनाको एकीकृत पूर्वाधार निर्माण एवम् पुनर्स्थापना गरी प्रभावितहरुको संरक्षण र सम्भावित जोखिम न्यूनीकरण गर्न **"बाढी पहिरो प्रभावित क्षेत्रको लागि विशेष कार्यक्रम"** मा रु. १ अर्ब १२ करोड ६९ लाख विनियोजन गरेको छु।

११५. उर्जा, सिंचाइ र नदी नियन्त्रणतर्फ रु. ४ अर्ब ४२ करोड विनियोजन गरेको छु।

## खानेपानी तथा सरसफाई

११६. खानेपानी तथा सरसफाई क्षेत्रको दिगो व्यवस्थापनको लागि नेपाल सरकार, स्थानीय तह र अन्य सरोकारवाला समेतको सहकार्यमा सबै स्थानीय तहको **खानेपानी, सरसफाई तथा स्वच्छता योजना** तर्जुमा गरिनेछ। प्रदेशका सबै स्थानीय तहमा निर्माण भएका खानेपानी योजनालाई **राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन सूचना प्रणाली**मा क्रमशः आवद्ध गर्दै लगिनेछ। जसबाट खानेपानी तथा सरसफाई क्षेत्रको योजनाबद्ध विकासमा टेवा पुग्ने विश्वास लिएको छु। यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

११७. दिगो विकासको लक्ष्य अनुसार प्रदेशका नागरिकलाई स्वच्छ खानेपानी पुऱ्याउने उद्देश्य हासिल गर्न **"एक घर, एक धारा कार्यक्रम"** अन्तरगत खानेपानीको सुविधाबाट बञ्चित रहेको समुदायलाई सफा र स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन खानेपानी संरचना निर्माण तथा पुनर्निर्माण गर्न रू. १ अर्ब ६७ करोड ९७ लाख विनियोजन गरेको छु।

११८. नेपाल सरकारसँगको सहकार्यमा **जलवायु अनुकूलित बृहत खानेपानी आयोजना र खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम** सञ्चालन गरिनेछ। जसका लागि रू. ५६ करोड विनियोजन गरेकोछु ।

११९. कैलाली र कञ्चनपुर जिल्लाको चुरे भावर क्षेत्रमा बसोबास गर्ने नागरिकको खानेपानीको समस्या समाधान गर्न डीप बोरिङ्ग प्रविधि प्रयोग गरी खानेपानी आपूर्ति गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु।

१२०. हालसम्म उपलब्ध भएको आधारभूत खानेपानी सेवाको गुणस्तर सुधार गरी मध्यम तथा उच्चस्तरको खानेपानी सेवा पुऱ्याउन आयोजना स्तरोन्नतिका कार्यक्रम शुरू गरिनेछ।

१२१. खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रतर्फ रू. २ अर्ब ३२ करोड ९७ लाख विनियोजन गरेको छु।

## आवास, सहरी विकास तथा भवन निर्माण

१२२. प्रदेशस्तरीय सरकारी भवन डिजाइन, निर्माण तथा मर्मत सम्भार सम्बन्धमा एकद्वार नीति अवलम्बन गरिनेछ। सार्वजनिक र नीजि भवन निर्माण गर्दा **राष्ट्रिय भवन संहिता**को कार्यान्वयनमा जोड दिइनेछ। हिमाली तथा पहाडी जिल्लाबाट हुने बढ्दो बसाइँसराईलाई न्यूनीकरण गर्न शहरोन्मुख गाउँमा **"एकीकृत विकास परियोजना"** मार्फत शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात लगायतका पूर्वाधार निर्माण गर्नको लागि सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाएको छु।

१२३. **"शहरी पूर्वाधार सुधारः सम्मुनत जीवनको आधार"** भन्ने नाराका साथ शहरी क्षेत्रमा पूर्वाधार विकास गर्न **सघन शहरी विकास कार्यक्रम**का लागि रू. २१ करोड ४६ लाख विनियोजन गरेको छु।

१२४. नेपाल सरकारबाट हस्तान्तरण भई आएका सशर्त अनुदान तर्फका **जनता आवास कार्यक्रम**लाई निरन्तरता दिएको छु। आगामी आर्थिक वर्षमा ९ सय २७ वटा आवास निर्माण कार्य शुरूवात गर्न रू. १३ करोड २४ लाख विनियोजन गरेको छु।

१२५. नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा आर्थिक अवस्था कमजोर भएका दलित, बादी, राउटे, राजी, सोनाहा, मुक्त कमैया, कमलरी, हलिया एवम् विपद्को उच्च जोखिममा रहेका नागरिकका लागि सुरक्षित आवास निर्माण गर्न **विपन्न आवास एवम् शहरी विकासको लागि एकीकृत बस्ती विकास कार्यक्रम** सञ्चालन गर्न रू. १९ करोड विनियोजन गरेको छु। यस कार्यक्रमबाट सुरक्षित आवासको उपयोग गर्न नपाएका सीमान्तकृत वर्ग लाभान्वित हुने विश्वास लिएको छु।

१२६. आवास, शहरी विकास तथा भवन निर्माणतर्फ रू. ५३ करोड ७० लाख विनियोजन गरेको छु।

## यातायात व्यवस्था

१२७. यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रदेश यातायात तथा सवारी व्यवस्थापन ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड तथा विद्युतीय परिवहन रणनीति तर्जुमा गरी लागू गरिनेछ।

१२८. यातायात व्यवस्था प्रणालीलाई सूचना प्रविधिमैत्री बनाई यस क्षेत्रको सेवा प्रवाहलाई विद्युतीय प्रणलीमार्फत सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छु।

१२९. सार्वजनिक यातायातलाई सुरक्षित र दुर्घटना रहित बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरेको छु।

१३०. डोटीको दिपायल र डडेल्धुराको अमरगढीमा रहेका यातायात व्यवस्था कार्यालयबाट सवारी साधन दर्ता, नवीकरण, सवारी चालक अनुमतिपत्र वितरण र राजस्व भुक्तानी लगायतका सम्पूर्ण सेवा प्रवाह हुने गरी आवश्यक व्यवस्था मिलाएको छु।

१३१. सडक पूर्वाधार, उर्जा, सिंचाई तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाई, आवास सहरी विकास तथा भवन निर्माण र यातायात व्यवस्था क्षेत्रको कार्यक्रम कार्यान्वयन गर्न रू. १८ अर्ब २६ करोड ४७ लाख विनियोजन गरेको छु।

<u>स्वास्थ्य</u>

१३२. कोभिड-१९ लगायतका महामारीबाट बचाउन नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा सञ्चालित खोप कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था गरेको छु। उत्प्रेरित र तालिमप्राप्त जनशक्तिमार्फत स्वास्थ्य सेवालाई सर्वसुलभ र पहुँचयोग्य बनाउन बजेट विनियोजन गरेको छु।

१३३. सबै जिल्लामा विशेषज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरी महिलाको पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, अङ्ग खस्ने रोग तथा मुटु, हाडजोर्नी, मृगौला लगायतका रोगको पहिचान तथा उपचार गर्न रू. १ करोड ४४ लाख बजेट विनियोजन गरेको छु।

१३४. स्थानीय तहसँगको समन्वयमा **ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम** मार्फत तालिमप्राप्त स्वास्थ्यकर्मी र पर्याप्त मेसिनको व्यवस्था गरी गर्भवती महिलाको गर्भावस्थाको नियमित निःशुल्क परीक्षण गर्न रू. १ करोड ५० लाख बजेट विनियोजन गरेको छु।

१३५. प्रदेशमा विद्यमान जनसंख्याको अनुपातमा चिकित्सक तथा स्वास्थ्यकर्मीको अपर्याप्तता पूर्ति गर्न आगामी आर्थिक वर्षदेखि सुदूरपश्चिम स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा ल्याइनेछ। जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३६. सेती प्रादेशिक अस्पताललाई आधुनिक एवम् सुविधासम्पन्न बनाउन आवश्यक भौतिक संरचना निर्माण एवम् विस्तार कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३७. **"हाम्रो प्रदेशः स्वस्थ प्रदेश"** अभियान मार्फत प्रदेशका सबै अस्पताल तथा स्वास्थ्य केन्द्रमा क्षयरोग, कुष्ठरोग, मलेरिया, डेंगु लगायतका अन्य किटजन्य रोगको रोकथाम तथा निःशुल्क उपचारको लागि आवश्यक व्यवस्था मिलाएको छु।

१३८. **"जनताको स्वास्थ्यको ख्याल, सुविधा सम्पन्न अस्पताल"** अभियान सञ्चालनका लागि सबै जिल्ला अस्पताललाई साधनश्रोत सम्पन्न बनाई विशेषज्ञ सहितको सेवा प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१३९. दुर्गम पहाडी जिल्लामा विशेषज्ञ सेवा विस्तार गर्न कम्तिमा एक जिल्लामा दुई विशेषज्ञ चिकित्सक वर्षभरि नै सेवामा रहने व्यवस्था मिलाउन रू. ३ करोड ६० लाख बजेट विनियोजन गरेको छु।

१४०. प्रदेशका सबै अस्पतालमा टेलिमेडिसिन सेवा सञ्चालन गर्नुका साथै स्थानीय तहको साझेदारीमा प्राथमिक स्वास्थ्य केन्द्रमा समेत टेलिमेडिसिन सेवा विस्तार गर्न रु. ४५ लाख विनियोजन गरेको छु।

१४१. बालसुधार गृहको स्तरोन्नति र विस्तार गरिनेछ। सुधारयोग्य शारीरिक विकृति भएका विपन्न बालबालिकाको पहिचान गरी निःशुल्क उपचार गर्ने व्यवस्था मिलाएको छु।

१४२. टीकापुर अस्पतालको चिकित्सक आवास भवन निर्माणका लागि रू. २ करोड ५० लाख, स्वास्थ्य कार्यालय बाजुराको भवन निर्माणको लागि रू. १ करोड बजेट विनियोजन गरेको छु।

१४३. प्रदेशमा रहेका सम्पूर्ण महिला स्वास्थ्य स्वयंसेविकाको निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिएको छु। पिछडिएका, अति विपन्न, गरीब, असहाय, सीमान्तकृत, लोपोन्मुख लगायतका लक्षित वर्गलाई निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था मिलाएको छु।

१४४. **"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी"** भन्ने नाराका साथ जिल्ला अस्पतालमा कार्यरत चिकित्सक मार्फत ग्रामीण भेगका स्वास्थ्य संस्थामा चिकित्सकीय घुम्ती सेवा उपलब्ध गराउन **"गाउँघर चिकित्सक अभियान"** सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१४५. सेती, महाकाली र टिकापुर अस्पतालमा हेमोफिलिया, सिकलसेल एनिमिया, थालासेमिया जस्ता रोगको उपचारको लागि निःशुल्क परीक्षण र औषधि उपलब्ध गराउने व्यवस्था मिलाएको छु। साथै समुदायस्तरमा नै सिकलसेल एनिमियाको जाँच तथा परीक्षणका लागि पर्याप्त बजेटको व्यवस्था गरेको छु।

१४६. कोरोना महामारी लगायत अन्य सरुवा रोगको जोखिमलाई विचार गरी सीमानाकामा सञ्चालनमा रहेका हेल्थ डेस्क र होल्डिङ्ग सेन्टरलाई थप व्यवस्थित बनाउदै लगिनेछ।

१४७. स्वास्थ्य बिमामा आवद्ध नभएका गरीब र असहाय विरामीको लागि प्रदेशका सबै अस्पतालबाट निश्चित मापदण्डका आधारमा सामाजिक सुरक्षा कोष मार्फत पाँच हजारसम्मको स्वास्थ्य उपचार निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

१४८. स्वास्थ्य निर्देशनालय दिपायलमा रहेको सूचना प्रणालीमार्फत बिरामीको सबैभन्दा नजिकमा रहेको एम्बुलेन्सलाई जानकारी गराई छिटो छरितो एम्बुलेन्स सेवा उपलब्ध गराउन प्रादेशिक प्रेषणकक्ष सञ्चालनमा ल्याइनेछ।

१४९. मृगौला पिडित बिरामीको लागि सेती प्रादेशिक अस्पतालमा १० शैय्या, महाकाली प्रादेशिक अस्पतालमा ५ शैय्या र टिकापुर अस्पतालमा ३ शैय्या डायलाइसिस सेवा सञ्चालन गरिनेछ। साथै डोटी जिल्ला अस्पतालमा आगामी वर्ष पूर्वाधार तयार गरी डायलाइसिस सेवा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन  गरेको छु।

१५०. स्वास्थ्यकर्मीको व्यावसायिक दक्षता अभिबृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्न आवश्यक तालिम, प्रशिक्षण तथा अभिमुखिकरणका लागि रू. ४ करोड ७२ लाख विनियोजन गरेको छु।

१५१. आर्थिक रुपले विपन्न नागरिकले क्यान्सर, मृगौला, मुटु लगायत अन्य जटिल रोगको तोकिएका अस्पतालमा उपचार गराए वापत पाउने सहुलियत रकम सोझै अस्पताललाई सोधभर्ना भुक्तानी हुने गरी रू. ३ करोड विनियोजन गरेको छु।

१५२. न्याय अस्पताल बयालपाटा अछामको सुदृढीकरण तथा विकासका लागि रू. ५ करोड पूँजीगत अनुदानको व्यवस्था गरेको छु। उक्त अस्पताललाई प्रदेश सरकार मातहत ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाईनेछ।

१५३. स्वस्थ जीवनशैलीका लागि योग, पूर्वकर्म र पञ्चकर्म जस्ता कार्यक्रम जिल्लास्थित सबै आयुर्वेद अस्पतालबाट सञ्चालन गर्न र आयुर्वेद उपचार प्रणालिको सुधार र विस्तारका लागि रू. १ करोड ६८ लाख बजेट विनियोजन गरेको छु। धनगढी उपमहानगरपालिकाको राजपुरमा रहेको अन्तरंग सेवा सहितको पचास शैय्याको प्रादेशिक आयुर्वेद चिकित्शालय यसै आर्थिक वर्षबाट पूर्ण रुपमा सञ्चालनमा आउने गरी बजेट व्यवस्था गरेको छु। आयुर्वेद अस्पतालबाट पनि प्रयोगशाला सेवा र रोडियोलोजी सेवा उपलब्ध गराउन आवश्यक बजेट विनियोजित गरेको छु।

१५४. स्वास्थ्य क्षेत्रमा रू. १ अर्ब ६ करोड २६ लाख विनियोजन गरेको छु।

## शिक्षा

१५५. **"छोराछोरी पढाऔः आत्मनिर्भर बनाऔं"** भन्ने नाराका साथ सीमान्तकृत वर्गका रुपमा रहेको बादी समुदायका विद्यालय तहमा अध्ययनरत छात्रालाई निरन्तर अध्ययनप्रति उत्प्रेरित गराई विद्यालय शिक्षापश्चात आत्मनिर्भर हुन सहयोग पुर्‍याउने उद्देश्यले आगामी आर्थिक वर्षदेखि विद्यालय तहको अध्ययन अवधिभर **"बादी समुदायका छोरी छात्रबृत्ति कार्यक्रम"** अन्तरगत मासिक **एक हजार रुपैंया** र उच्च शिक्षा अध्ययन गर्ने सोही समुदायका ५० जना छात्रछात्रालाई उच्च शिक्षा अध्ययन अवधिभर **"बादी समुदाय उच्च शिक्षा छात्रबृत्ति कार्यक्रम"** अन्तरगत मासिक **आठ हजार रुपैंया** प्रदान गर्ने व्यवस्था मिलाएको छु। यसबाट बादी समुदायको उत्थान र सशक्तिकरणमा थप योगदान पुग्ने अपेक्षा गरेको छु।

१५६. कानूनी तथा संरचनात्मक व्यवस्था गरी **प्रदेश प्राविधिक विश्वविद्यालय** सञ्चालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

१५७. **"एक प्रदेश निर्वाचन क्षेत्र, एक नमूना विद्यालय"** कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्षमा ९ वटा विद्यालयमा सुविधासम्पन्न भवन निर्माण गर्न रू. ६ करोड ३० लाख विनियोजन

गरेको छु। प्रदेशभित्रका सामुदायिक क्याम्पस तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला विस्तार गर्न बजेट विनियोजन गरेको छु।

१५८. नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा बौद्धिक अपाङ्गता भएका विद्यार्थीका लागि महाकाली मा. वि. वेलौरीमा निर्माणाधीन सुविधायुक्त आवासीय विशेष विद्यालय भवनको लागि रू. ३ करोड विनियोजन गरेको छु। कैलाली जिल्लामा अटिजम भएका बालबालिकाको हेरचाह तथा सिप सिकाइका लागि गैर सरकारी संघ संस्था तथा स्थानीय तहसँगको साझेदारीमा स्याहारसुसार केन्द्र स्थापना गर्न रू. ३० लाख विनियोजन गरेको छु।

१५९. फरक क्षमता भएका बहिरा विद्यार्थीका लागि शिक्षामा सहज पहुँच पुऱ्याउन दक्षिणकाली आधारभूत विद्यालय बेला, कैलालीमा रहेको बहिरा स्रोतकक्षामा अध्ययनरत बालबालिकाको लागि छात्रावास भवन निर्माण गर्न रू. ९० लाख बजेट विनियोजन गरेको छु।

१६०. सामुदायिक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्न, शौचालय निर्माण र छात्राहरूका लागि हाइजेनिक स्यानिटरी प्याड वितरण तथा सरसफाई व्यवस्थापनमा सहयोग गर्न रू. ७ करोड ३१ लाख विनियोजन गरेको छु।

१६१. स्थानीय तहमा सञ्चालित "**विद्यालय नर्स कार्यक्रम**"लाई नजिकका अन्य विद्यालयमा पनि सोही जनशक्तिबाट सेवा दिने गरी विस्तार गर्ने व्यवस्था मिलाएको छु। यसबाट किशोर किशोरी लक्षित यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम थप प्रभावकारी बन्ने आशा गरेको छु।

१६२. शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षकको पेशागत क्षमता विकास कार्यक्रम अन्तरगत अनुभव तथा सिकाइमा आधारित सेवाकालिन तालिम, अनुसन्धानमा आधारित शिक्षण सिकाइ र सूचना प्रविधिमा आधारित तालिम कार्यक्रम सञ्चालन गर्न रू. १ करोड ४७ लाख विनियोजन गरेको छु।

१६३. **"मेरो विशेषज्ञताः मेरै प्रदेशका लागि"** भन्ने नाराका साथ गरीब, विपन्न, शहीद परिवार, अपाङ्ग, महिला, दलित, सिमान्तकृत वर्गका छात्रछात्रा तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा, प्राविधिक शिक्षा र चिकित्सा शिक्षातर्फको एम.बि.बि.एस. र एम.डी. अध्ययन गराउनका लागि सुरु गरिएको छात्रवृत्ति कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु। यसका लागि रू. ३ करोड ५२ लाख विनियोजन गरेको छु।

१६४. **"एक जिल्ला एक नमूना क्याम्पस"** कार्यक्रम अन्तर्गत नमूना क्याम्पसको रुपमा स्तरोन्नति गर्न छनौट भएका अछाम बहुमुखी क्याम्पस मंगलसैन, महाकाली बहुमुखी क्याम्पस बेलौरी, घोडाघोडी बहुमुखी क्याम्पस सुखड, त्रिवेणी बहुमुखी क्याम्पस जोगबुडा परशुराम, केदारज्योती पुञ्ज बहुमुखी क्याम्पस विपीनगर, दार्चुला बहुमुखी क्याम्पस महाकाली,

सुनकुडा क्याम्पस बित्थडचिर, बाजुरा क्याम्पस मार्तडी बडिमालिका र जगन्नाथ बहुमुखी क्याम्पस बैतडीको क्षमता विकास र संस्थागत सुधारका लागि रू. १ करोड ८० लाख विनियोजन गरेको छु।

१६५. आगामी वर्षदेखि कक्षा १० को अन्तिम परिक्षा (एस.ई.ई.) सञ्चालन तथा व्यवस्थापन प्रदेश स्तरबाटै गर्न प्रदेश परीक्षा बोर्ड स्थापना र परिक्षा सञ्चालन लगायतका कामका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१६६. संघीय सरकारको विशेष अनुदानमा कैलाली बहुमुखी क्याम्पस धनगढी, डोटी बहुमूखी क्याम्पस डोटी, अमरगढी बहुप्राविधिक शिक्षालाय डडेल्धुरा, लम्कीचुहा सामुदायिक अस्पताल कैलाली र बेतकोट अस्पताल कञ्चनपुरको भवन निर्माण गर्नका लागि रू. ४८ करोड ८३ लाख विनियोजन गरेको छु।

१६७. संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा ठूला विद्यालय निर्माण कार्यको लागि छनौट भएका ३ वटा विद्यालय कान्ति राज्यलक्ष्मी मा.वि. घोडाघोडी कैलाली, महेन्द्र मा.वि. खलङ्गा, दार्चुला र हिमालय मा.वि. साँफेबगर अछामको भौतिक पूर्वाधार निर्माण गर्न आगामी आर्थिक वर्षका लागि रू. ३ करोड विनियोजन गरेको छु।

१६८. शिक्षा क्षेत्रको गुणस्तर सुधार, आधुनिक पूर्वाधार र शैक्षिक जनशक्तिको ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्न **“प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम”** अन्तर्गत कूल रू. १ अर्ब २३ करोड ७३ लाख बजेट विनियोजन गरेको छु।

## युवा, खेलकुद तथा संस्कृति

१६९. नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी तथा खेलाडी छनोटका लागि रू. ९० लाख बजेट विनियोजन गरेको छु। विद्यालयस्तरमा बालिकालाई आत्मरक्षा तालिम कार्यक्रम नौवटै जिल्लामा सञ्चालन गरिनेछ।

१७०. **"स्वास्थ्यका लागि खेलकुद, सबैका लागि खेलकुद"** भन्ने मूल नाराका साथ सञ्चालन हुने **मुख्यमन्त्री खेलकुद प्रतियोगिता**को आवश्यक व्यवस्थापनका लागि रू.१ करोड ५ लाख विनियोजन गरेको छु।

१७१. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने प्रदेशभित्रका खेलाडीलाई थप हौसला प्रदान गर्न सम्मान तथा पुरस्कारका लागि बजेट व्यवस्था गरेको छु ।

१७२. कञ्चनपुरको भिमदत्त नगरपालिकामा बहुउद्देश्यीय कभर्ड हल, कैलालीको टिकापुरमा खेलकुद प्रतिष्ठान र डडेल्धुरामा कभर्ड हल निर्माण गर्न रु. ११ करोड विनियोजन गरेको छु।

१७३. **"युवाको जवानीः प्रदेशमा लगानी"** भन्ने नाराका साथ युवा सशक्तिकरणका माध्यमबाट सामर्थ्यवान, उद्यमशील, सिर्जनशील र सकारात्मक सोचयुक्त युवा तयार गरी समग्र आर्थिक, सामाजिक, सास्कृतिक विकासमा परिचालन गर्न र नेतृत्वदायी भूमिकामा स्थापित गराउन युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। विपद्का समयमा यूवा परिचालन गर्ने नीति लिईनेछ। यसका लागि प्रदेश युवा परिषद्मा आवश्यक बजेट विनियोजिन गरेको छु।

१७४. प्रदेशमा शिक्षा, स्वास्थ्य, कृषि, पशु र इन्जिनियरिङ क्षेत्रमा न्यून रहेको दक्ष जनशक्ति परिपूर्ति गरी यस क्षेत्रको सेवालाई थप प्रभावकारी बनाउन नेपाल सरकारसँगको साझेदारीमा **युवा स्वयंसेवक परिचालन कार्यक्रम** सञ्चालन गर्न रु. २ करोड ५० लाख विनियोजन गरेको छु।

१७५. प्रदेशभित्रको भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकासका लागि सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान गठन र सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१७६. यूवा, खेलकुद तथा संस्कृति क्षेत्रतर्फ रू. १६ करोड २० लाख विनियोजन गरेको छु।

## श्रम, रोजगार र सामाजिक विकास

१७७. **"सीप सिकौं, उद्यमशील बनौं"** भन्ने नारा साकार पार्न प्रदेशमा गुणस्तरीय बहुशिपयुक्त मानव संशाधनको विकास गरी रोजगार र स्वरोजगारका सम्भावना अभिबृद्धि गर्न महिला, दलित, जनजाती र पिछडिएका समुहलाई विशेष लक्षित गरी विभिन्न प्रकारका व्यावसायिक तथा शीपमुलक तालिम प्रदान गर्न रू. ४ करोड १५ लाख विनियोजन गरेको छु।

१७८. कार्यस्थलमा कामदारको सुरक्षा, स्वास्थ्य सम्बन्धी परामर्श, उद्यमशिलताको विकास, उत्कृष्ट श्रमिक उद्यमी पहिचान र पुरस्कृत गर्ने जस्ता कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१७९. महिलाको आर्थिक, सामाजिक र राजनैतिक सशक्तिकरणका लागि **"द्वारिका देवी ठकुरानी महिला सशक्तिकरण र सीप विकास कार्यक्रम"** सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। सरकारी सेवामा महिलाको सहज पहुँच स्थापित गर्न निःशुल्क लोकसेवा परीक्षाको तयारी कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

१८०. **बैकल्पिक हेरचाह कार्यक्रम** मार्फत आमाबाबु बिहिन बालबालिकाको पालनपोषण गर्न प्रति बालबालिका प्रतिमहिना रु. ५ सयका दरले रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

१८१. **"एक्काइसौं शताब्दीको सन्देशः छुवाछुत माथि पूर्ण बन्देज"** भन्ने नाराका साथ दलित सशक्तिकरण अभियान सञ्चालन गरिनेछ। दलित समुदायको परम्परागत ज्ञान, सीप र दक्षतामा आधारित उद्योग व्यवसायको सुधार र प्रबर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१८२. लक्षित वर्गका लागि औजार उपकरण हस्तान्तरण सहितको सीपमूलक तालिम सञ्चालन गरी उद्यमशीलताको विकास गरिनेछ। दलित, जनजाती तथा लोपोन्मुख समुदायको परम्परागत सीप तथा कलाको संरक्षण र प्रवर्द्धन मार्फत आयआर्जनसँग जोड्ने गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१८३. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, बालश्रम निवारण गुरुयोजना र श्रम तथा रोजगार प्रबर्द्धन नीतिको तर्जुमा गरी बाल विवाह, लैंगिक हिंसा, छाउपडी, बोक्सी, छुवाछुत लगायतका विभिन्न सामाजिक कुरीति एवं अन्धविश्वास विरुद्ध एकीकृत रूपमा सामाजिक रूपान्तरण अभियान सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु।

१८४. हिंसा प्रभावितको तत्काल राहत, उद्धार, उपचार र आवश्यक कानुनी उपचार एवम् पारिवारिक तथा सामाजिक पुनर्स्थापनाका लागि सबै जिल्लामा अल्पकालिन सेवा केन्द्र सञ्चालन कार्यलाई निरन्तरता दिएको छु। नेपाल सरकारसँगको साझेदारीमा प्रदेशस्तरमा दीर्घकालीन पुनर्स्थापना केन्द्र निर्माण कार्य अगाडी बढाउन आवश्यक बजेट विनियोजन गरेको छु।

१८५. विभिन्न निकायसँगको साझेदारीमा सडकमा रहेका बेसहारा, असहाय नागरिक तथा बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गरी प्रदेशलाई **सहयोगापेक्षी सडक मानवमुक्त** बनाइनेछ। मानव सेवा आश्रमको **"मानवता अध्ययन केन्द्र भवन"** निर्माणको साझेदारीका लागि बजेट विनियोजन गरेको छु।

१८६. पिछडिएका, अतिविपन्न, गरीब, असहाय, सीमान्तकृत, लोपोन्मुख र जोखिममा रहेका राजी, राउटे, बादी, मुक्त कमलरी, कमैया, हलियाको उत्थान र सशक्तिकरणका लागि सीपमुलक तालिम, आयआर्जन र पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। लैङ्गिक तथा यौनिक अल्पसंख्यकको मुलप्रवाहीकरण गरी मर्यादित जीवनयापनका लागि आवश्यक व्यवस्था गरिनेछ।

१८७. समतामुलक समाज निर्माण गर्नका लागि प्रदेशस्तरिय लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१८८. ज्येष्ठ नागरिक र नयाँ पुस्ताबीच अन्तरपुस्ता ज्ञान, सिप हस्तान्तरणका लागि **ज्येष्ठ नागरिक मिलन केन्द्र** सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१८९. अपाङ्गता भएका व्यक्तिका लागि आयआर्जन तथा सीप विकास तालिम कार्यक्रमलाई निरन्तरता दिएको छु। दृष्टिविहिन बालबालिकाको अध्ययन कार्यमा सहजताका लागि पञ्चोदय माध्यामिक विद्यालय धनगढीमा ब्रेल पुस्तकालयको स्थापनाका लागि बजेट विनियोजन गरेको छु।

१९०. स्वास्थ, शिक्षा, यूवा, खेलकुद, श्रम तथा रोजगारी र सामाजिक विकास क्षेत्रका लागि रू ६ अर्ब ७८ करोड ९२ लाख विनियोजन गरेको छु।

## आन्तरिक सुरक्षा, आम सञ्चार तथा विपद् व्यवस्थापन

१९१. प्रदेश प्रहरी मुख्यालयको भवन निर्माणको बाँकी काम सम्पन्न गर्न आगामी आर्थिक वर्षमा रू. १२ करोड ५६ लाख ३५ हजार विनियोजन गरेको छु। गत आर्थिक वर्षदेखि निर्माणाधिन विभिन्न ९ वटा प्रहरी चौकी र इलाका प्रहरी कार्यालय भवन आगामी आर्थिक वर्षभित्रै सम्पन्न गर्ने गरी रू. ५ करोड ८३ लाख ३१ हजार विनियोजन गरेको छु।

१९२. आगामी आर्थिक वर्षमा कैलालीको रामपुर, टिकापुर, लम्कि, बर्दगोरिया, जोशीपुर, भजनी, सुख्खड, डोटीको पुर्विचौकी, लडागडा, अछामको ढुङ्गाचाल्ना, सान्तडा, मेल्लेख, बारला, कमलबजार, दार्चुलाको लेकम, टिङ्कर, कञ्चनपुरको रैकवारविचवा, कृष्णपुर, डडेल्धुराको अजयमेरु प्रहरी चौकीको भवन निर्माण तथा सुधारको कार्य शुरु गर्न रू. ६ करोड ७५ लाख विनियोजन गरेको छु।

१९३. सीमा सुरक्षार्थ कैलालीको फुलवारी, खक्रौला र कञ्चनपुरको पुनर्वासमा स्थापना गरिएका सीमा सुरक्षा पोष्ट (बिओपि) को भौतिक पूर्वाधार सुधारका लागि रू. ६० लाख र सशस्त्र प्रहरी बल नेपालको ३४ नं. गण धनगढीको बहुउद्देश्यीय भवन निर्माणका लागि रू. ४० लाख गरी कुल रू. १ करोड विनियोजन गरेको छु।

१९४. प्रदेशभित्रका ९ वटै जिल्ला प्रहरी कार्यालय र ५ वटा कारागारको मर्मत सम्भार तथा सुदृढीकरणका लागि रू. १ करोड ६७ लाख ५० हजार विनियोजन  गरेको छु।

१९५. समाजमा हुने अपराधिक क्रियाकलापमा संलग्न हुनेलाई कानूनी दायरामा ल्याई अपराध अनुसन्धान र अभियोजनलाई थप तथ्यपरक र बैज्ञानिक बनाउन रू. १ करोड विनियोजन गरेको छु।

१९६. शान्ति सुरक्षा, अपराध अनुसन्धान, सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनका लागि प्रमुख राजमार्गमा सि.सि.टि.भी. क्यामरा तथा ट्राफिक लाईट जडान गर्न रू. ४ करोड ५० लाख विनियोजन गरेको छु।

१९७. प्रदेशमा कार्यरत प्रहरी कर्मचारीको व्यावसायिक दक्षता अभिबृद्धिका लागि रू. ६० लाख विनियोजन गरेको छु।

१९८. प्रदेशस्थित सुरक्षा निकायबाट प्राप्त सूचनालाई व्यवस्थित गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सूचना समन्वय कक्षको स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९९. नेपाल सरकारसँगको समन्वयमा प्रदेशभित्रका कारागारमा रहेका कैदीवन्दीलाई आय आर्जन कार्यक्रम मार्फत उत्पादनशील क्षेत्रमा केन्द्रित गर्दै स्थानीय श्रम र सीपमा आधारित घरेलु उत्पादनको विकास र प्रवर्द्धनका लागि रू. ४० लाख ५० हजार विनियोजन गरेको छु। कैदी बन्दीबाट उत्पादित वस्तुको बजारिकरणको आवश्यक प्रवन्ध मिलाइनेछ।

२००. नेपाल सरकारसँगको समन्वयमा प्रदेशभित्रका कारागारको आधारभूत सुविधा स्तरोन्नति र कैदिबन्दीलाई समयसापेक्ष सीप तथा उद्यम विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न रू. ४५ लाख विनियोजन गरेको छु।

२०१. युवा तथा बालबालिका लक्षित जातिय विभेद, सामाजिक कुरीति, यौन तथा घरेलु हिंसा, विद्युतीय अपराध, महिला हिंसा विरुद्धका सचेतनामूलक कार्यक्रम र गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यमा बेचविखनमा परेका तथा अन्य यातना पीडितलाई उद्धार गरी पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि रू. ४८ लाख विनियोजन गरेको छु।

२०२. लागु औषध विरुद्धको सचेतना अभियान सञ्चालन, लागु औषधको उत्पादन, विक्रिवितरण, ओसारपसार तथा सेवनको नियन्त्रण र लागु औषध दुर्व्यसनीको पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालनका लागि रू. ५० लाख विनियोजन गरेको छु।

२०३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीतिगत, संस्थागत र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्दै विपद् पश्चातको खोज, उद्धार तथा राहतलाई प्रभावकारी बनाइनेछ। यसका लागि आवश्यक विपद् सामग्री तथा औजार उपकरण खरिद र घाईतेको तत्काल हवाई उद्धार गर्न रू. ४ करोड विनियोजन गरेको छु। आपत्कालिन विपद्का समयमा विपद् व्यवस्थापन कोषको परिचालनलाई थप प्रभावकारी बनाइने छ।

२०४. आम सञ्चार एवम् पत्रकारिता क्षेत्रको क्षमता विकास, मिडिया सेन्टरको भवन निर्माण, पत्रकार महासंघ अछाम र बझाङ्गको क्रमागत भवन निर्माण, एफएम रेडियोलाई पुँजीगत

अनुदान, पत्रकारको स्वास्थ्योपचारको लागि अक्षयकोष स्थापनार्थ सशर्त अनुदान र लोककल्याणकारी विज्ञापन समेतका लागि रू. १ करोड २० लाख विनियोजन गरेको छु।

२०५. सरकारी तथ्याङ्क सङ्कलन, प्रशोधन, भण्डारण र उपयोगका लागि प्रदेशमा सूचना प्रविधियुक्त सञ्चारग्रामको सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२०६. कानून निर्माण प्रक्रियालाई सहभागितामूलक बनाउन, कानून सम्बन्धी अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गर्न र स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२०७. प्रदेशबाट जारी भएका कानूनको वहस, पैरवी गर्न संवैधानिक शिक्षा, कानूनी सहायता, कानून तर्जुमा सम्बन्धी सुझाव तथा अन्तरक्रिया, कानून तथा मानव अधिकार सम्बन्धी सचेतना र कानून सम्बन्धी अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण कार्यक्रम सञ्चालन गर्नका लागि रू. १ करोड ८८ लाख विनियोजन गरेको छु। यसबाट कानून तर्जुमा, कार्यान्वयन र परिपालना लगायतका सबै चरणमा नागरिकको सक्रिय सहभागिता रहने विश्वास लिएको छु।

२०८. आगामी आर्थिक वर्षबाट प्रदेशका विविध क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्तित्वलाई सम्मान एवम् पुरस्कृत गर्ने व्यवस्थाको थालनी गर्न **प्रदेश सेवा पदक** कार्यक्रममा रकम विनियोजन गरेको छु। प्रदेशभित्रका प्रतिभालाई सम्मान गर्न **जयपृथ्वी पुरस्कार**लाई निरन्तरता दिएको छु।

२०९. कैलाली, अछाम र बझाङ्ग जिल्लाका वार एसोसिएसन र कारागारमा भर्चुअल विधिबाट बहस पैरवी कार्यक्रम सञ्चालन गर्न आवश्यक उपकरण खरिदका लागि रू. २५ लाख विनियोजन गरेको छु।

२१०. आन्तरिक सुरक्षा, आम सञ्चार र विपद् व्यवस्थापन शीर्षकमा रू. ५२ करोड २२ लाख विनियोजन गरेको छु।

## <u>सार्वजनिक सेवा र शासकीय सुधार</u>

२११. प्रदेश सभा, विषयगत समिति र सचिवालयका लागि आवश्यक भौतिक संरचना निर्माण गरी काम कारबाहीलाई प्रविधिमैत्री बनाउन आवश्यक बजेट विनियोजन गरेको छु। विषयगत समिति तथा संसदीय दलको कार्यालयमा आधुनिक, व्यवस्थित र प्रविधिमैत्री बैठक कक्षको व्यवस्थापन गरिनेछ।

२१२. प्रदेश सभाका माननीय सदस्य र प्रदेश सभा सचिवालयका कर्मचारीको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश सभाका माननीय सदस्यका लागि अन्तर

प्रदेश अनुभव आदान प्रदान कार्यक्रमलाई निरन्तरता दिएको छु। प्रदेश सभाको लागि रू. ३० करोड ८ लाख विनियोजन गरेको छु।

२१३. प्रदेश लोक सेवा आयोगबाट प्रदेश निजामती सेवा र स्थानीय सेवातर्फका रिक्त पदमा क्रमशः पदपूर्ति गर्दै लगिनेछ। प्रदेश लोक सेवा आयोगको संस्थागत सुदृढीकरण, कर्मचारीको क्षमता विकास, अध्ययन अनुसन्धान, पाठ्यक्रम निर्धारण, परीक्षा सञ्चालन र नतिजा प्रकाशन लगायतका कार्यक्रम सञ्चालनका लागि रू. ९ करोड ८३ लाख विनियोजन गरेको छु।

२१४. प्रदेश सरकारको विद्यमान सङ्गठन संरचनालाई समयानुकूल बनाउन विस्तृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ।

२१५. मुख्य न्यायाधिवक्ताको कार्यालयको सुदृढीकरण तथा कर्मचारी क्षमता अभिबृद्धिका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२१६. निजामती कर्मचारीका सन्ततीलाई सहुलियत दरमा गुणस्तरीय शिक्षा प्रदान गर्न डोटीमा स्थापित निजामती सन्तती आवासीय विद्यालयको सञ्चालन अनुदानलाई निरन्तरता दिंदै सुविधा सम्पन्न विद्यालय भवन निर्माणको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी आवश्यक बजेट व्यवस्था गरेको छु।

२१७. प्रदेशमा समायोजन भएका र नयाँ नियुक्त हुने कर्मचारीको **एकीकृत प्रदेश कर्मचारी सूचना व्यवस्थापन प्रणाली** निर्माण गरी सोको अभिलेख आगामी आर्थिक वर्षमा व्यवस्थित गरिनेछ।

२१८. **प्रदेश प्रशिक्षण प्रतिष्ठान**को भौतिक पूर्वाधार विकास लगायत संस्थागत सुदृढीकरण गरी **सेवाकालिन तथा अल्पकालिन तालिम** मार्फत प्रदेश निजामती कर्मचारीको क्षमता अभिबृद्धि गर्न बजेटको व्यवस्था गरेको छु।

२१९. नेपाल सरकार तथा स्थानीय तहसँगको साझेदारीमा नवप्रवर्तन साझेदारी कार्यक्रमलाई निरन्तरता दिएको छु।

२२०. चालु आर्थिक वर्षसम्म कार्यान्वयनमा रहेको **प्रदेश पूर्वाधार विकास कार्यक्रम**लाई खारेज गरेको छु।

२२१. कोभिड-१९ को महामारीको रोकथाम, नियन्त्रण र उपचारमा अग्रपंक्तिमा रहेर उल्लेखनीय योगदान गर्ने स्वास्थ्यकर्मीलाई सम्मान गरिनेछ।

२२२. सार्वजनिक सेवामा सदाचारिता प्रबर्द्धन गर्न **भ्रष्टाचार बिरुद्धको प्रादेशिक कार्ययोजना** तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

२२३. सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई पारदर्शिता सुनिश्चित गर्ने, प्रक्रियागत सरलीकरण गर्ने र सेवा प्रवाहको समय तथा लागत घटाइनेछ। सेवा प्रवाहमा प्रत्यक्ष

संलग्न हुने कार्यालयहरूलाई सेवाग्राहीमैत्री एवं खुला कार्यस्थलको ढाँचामा विकास गर्दै लगिनेछ।

२२४. नेपाल सरकारले विक्रम सम्बत् २०७९ साउन १ गतेदेखि लागू हुने गरी सुरु तलबमानमा गरेको १५ प्रतिशत वृद्धि प्रदेश निजामती सेवामा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरूलाई समेत उपलब्ध गराउने गरी बजेटको व्यवस्था गरेको छु। साथै, हाल खाइपाइ आएको महङ्गी भत्तालाई समेत निरन्तरता दिएको छु।

२२५. प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारीको मनोवल बृद्धि गर्न सम्बत् २०७८ साल श्रावण १ गतेबाट लागू भएको **प्रदेश विशेष प्रोत्साहन भत्ता**लाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु। यसबाट सार्वजनिक निकायमा कार्यरत कर्मचारीको मनोवल उच्च भई सेवा प्रवाहमा थप प्रभावकारिता बृद्धि हुने विश्वास लिएको छु।

२२६. सार्वजनिक सेवाप्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन उल्लेखनिय योगदान पुऱ्याउने प्रदेशभित्र कार्यरत उत्कृष्ट १० जना राष्ट्रसेवक कर्मचारीलाई प्रदेश स्थापना दिवसको दिन पुरस्कृत गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२२७. सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिनेछ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अङ्गिकार गर्ने व्यवस्था गरेको छु।

## शासकीय सुधार र साझेदारी प्रवर्द्धन

२२८. अध्ययन, अनुसन्धान, अन्वेषण जस्ता कार्यमा सरकारी तथ्याङ्कको प्रयोगमा सहजता ल्याउन खुला तथ्याङ्कको अवधारणा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

२२९. प्रादेशिक अर्थतन्त्रको सवलीकरणका लागि स्वदेशी तथा विदेशी लगानी भित्र्याउन आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरी लगानीमैत्री वातावरण सिर्जना गर्दै सार्वजनिक तथा निजी लगानीको प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमा एक बृहत तथा सर्वपक्षीय **"लगानी सम्मेलन"** आयोजना गरिनेछ। यसबाट सुदूरपश्चिम प्रदेश सरकारले सम्भाव्यता अध्ययन गरी सकेका जलविद्युत आयोजना लगायत सम्भाव्य लगानीका क्षेत्रको पहिचान गरी साझेदारीको अवधारणा अनुरुप लगानी प्रबर्द्धन हुने विश्वास लिएको छु।

२३०. प्रदेश सरकारबाट सम्पादित काम कारवाही तथा अभियानलाई पारदर्शी, उत्तरदायी र जिम्मेवार बनाई समग्र शासन व्यवस्थामाथि नागरिकको विश्वास बृद्धि गर्दै विधिको शासन सुदृढ बनाउने विषयलाई प्राथमिकता दिइनेछ।

## सार्वजनिक वित्त व्यवस्थापन

२३१. प्रदेशको राजस्व सङ्कलन, परिचालन, वित्त व्यवस्थापन तथा प्रदेश र स्थानीय तहबीचको राजस्व बाँडफाँटलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहकार्य गरिनेछ। प्रदेशको आन्तरिक आय अभिवृद्धिका लागि राजस्वको दायरा विस्तार एवम् करका विद्यमान दरलाई समयसापेक्ष बनाइनेछ। राजस्व परिचालनका क्षेत्र पहिचान गरी आन्तरिक आयलाई थप सुदृढ बनाउन राजस्व नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२३२. प्रदेश सरकारको पूँजीगत खर्च गर्ने क्षमता अभिवृद्धि गर्दै चालु खर्चतर्फको बढ्दो चापलाई न्यूनीकरण गर्न **"सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड"** कार्यान्वयनमा ल्याइने छ। आगामी आर्थिक वर्षमा अत्यावश्यक बाहेक कुनै पनि नयाँ सवारी साधन खरिद गरिने छैन। मर्मत सम्भार गर्दा पनि सञ्चालनमा नआउने सवारी साधन अनिवार्य रुपमा लिलामी गर्नुपर्ने व्यवस्था मिलाएको छु।

२३३. वित्तीय सेवामा आम नागरिकको पहुँच अभिबृद्धि गर्न र विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहित गर्न बैङ्क तथा वित्तीय संस्थासँगको सहकार्यमा वित्तीय साक्षरता, अभिमुखीकरण एवं क्षमता अभिबृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२३४. प्रदेश गौरव र बहुवर्षिय आयोजनामा विनियोजित रकम सोही प्रकृतिका आयोजनामा बाहेक अन्यत्र रकमान्तर गर्न नपाइने व्यवस्था मिलाएको छु।

२३५. सरकारी निकायहरूबाट सम्पादन हुने कार्यहरूमा रहेको दोहोरोपना हटाउन र क्षेत्राधिकारको अन्यौल अन्त्य गर्न प्रदेश सरकारको स्थायी संरचनाबाट सम्पादन हुने नियमित कार्यका लागि नयाँ संरचना खडा गरिने छैन।

२३६. प्रदेश सरकार अन्तर्गतका विभिन्न निकायबाट प्रदान गरिने अनुदानको प्रभावकारिता बृद्धि गर्न अनुदानलाई उत्पादन र प्रतिफलसँग आवद्ध गर्दै एउटै व्यक्ति, फर्म, संस्थालाई दोहोऱ्याएर अनुदान नदिने कुराको मार्गदर्शन गर्ने गरी **"एकीकृत अनुदान नीति"** तर्जुमा गरिनेछ।

## आर्थिक योजना तथा तथ्यांक

२३७. वार्षिक बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी, दिगो विकास लक्ष्य र जलवायु अनुकूलन सम्बन्धी बजेट कोड अवलम्बन गर्ने व्यवस्था मिलाएको छु।

२३८. हाल सञ्चालनमा रहेका प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजना, क्रमागत र अधुरा आयोजनाको बाँकी काम आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी बजेट विनियोजनमा प्राथमिकता दिएको छु।

२३९. आर्थिक विकास र गरिबी निवारणमा योगदान पुर्‍याउन "**आत्मनिर्भर अर्थतन्त्र हाम्रो चाहनाः समृद्ध प्रदेश हामी सबैको कामना**" भन्ने नाराका साथ उद्यमशीलताको विकास, रोजगार एवं स्वरोजगारमूलक कार्यक्रम, औद्योगिक जनशक्ति उत्पादन र क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

२४०. अन्तर-निकाय र अन्तर-सरकारी तहको समन्वय र सहकार्यमा बजेट कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनलाई थप प्रभावकारी बनाइनेछ। सार्वजनिक लेखा समिति लगायत सरोकारवालाको सहभागितामा प्रदेश गौरव तथा बहुवर्षिय लगायतका ठूला आयोजनाको अनुगमन मूल्याङ्कन गरी विकास, नीति, योजना तथा कार्यक्रम सम्बन्धी पृष्ठपोषण प्रदान गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

२४१. प्रदेश र स्थानीय तहका कर्मचारीलाई योजना तथा बजेट तर्जुमा, वित्तीय अनुशासन, वित्तीय हस्तान्तरण, प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली, सार्वजनिक खरिद, आर्थिक अनुसन्धान तथा विकास लगायतका विषयमा क्षमता अभिबृद्धि सम्बन्धी तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२४२. नीति तथा योजना आयोगमा आयोजना बैङ्क स्थापना गरी सम्भाव्यता अध्ययन भएका कार्यान्वयनयोग्य, पर्याप्त रोजगारी सिर्जना गर्ने र नागरिकको जीवनस्तरमा सुधार ल्याउने प्रदेश गौरव, रणनैतिक महत्व एवं रूपान्तरणकारी आयोजना सूचिकृत गरिनेछ र प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ।

२४३. नेपाल सरकार र स्थानीय तहसँगको समन्वय एवम् सहकार्यमा प्रदेशको आर्थिक, सामाजिक लगायतका क्षेत्रको सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्नका लागि प्रादेशिक सूचना व्यवस्थापन प्रणालीको विकास, स्थापना र सञ्चालन गरिनेछ।

२४४. प्रदेशमा रहेका बेरोजगार युवालाई सीपमूलक तालिम र सहुलियत दरमा कर्जा उपलब्ध गराई स्वरोजगार बनाउने उद्देश्यका साथ स्थापना भएको स्वरोजगार विकास कोषको नीतिगत, कानूनी र संस्थागत क्षमता अभिबृद्धि गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

२४५. "**सरकारको मुख्य ध्यानः घरघरमा स्वरोजगार अभियान**" भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्किएका, द्वन्द्व प्रभावित, अपाङ्ग, घाइते, शहीद परिवार, एकल महिला, मुक्त कमैया, कम्लहरी, हलिया, दलित, बादी, राजी, राउटे, गरिबीको रेखामुनि रहेका वर्ग र समुदायका स्वरोजगार बन्न चाहने युवायुवतीलाई स्वरोजगार विकास कोषमार्फत सीपमूलक तालिम तथा सहुलियत व्याजदरमा कर्जा प्रदान गर्ने व्यवस्था मिलाएको छु। यसबाट ४

हजार जना बेरोजगार व्यक्तिलाई सरल स्वरोजगार कर्जा र ५ सय जनालाई आवश्यक सीपमूलक तालिम प्रदान गरिनेछ।

२४६. **नवप्रवर्तनमा आधारित आर्थिक विकासः एक घरपरिवार एक रोजगार, एक बस्ती एक आर्थिक पहिचान, एक वडा एक बजार**को अवधारणा कार्यान्वयन गर्न नेपाल सरकार तथा स्थानीय तहको लागत साझेदारी र निजीक्षेत्रसँगको सहकार्यमा सञ्चालन हुने नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम विषयगत मन्त्रालय मार्फत कार्यान्वयन गर्ने आवश्यक व्यवस्था मिलाएको छु।

२४७. प्रदेशमा लगानी अभिवृद्धि तथा विस्तार गर्न लगानीमैत्री वातावरण सिर्जना गरिनेछ। प्रदेशमा स्थापना हुने प्रदेश सार्वजनिक संस्थान तथा कम्पनीमा प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने शेयर लगानी तथा ऋण लगानी वापत रू. ३० करोड विनियोजन गरेको छु।

## बजेटको कार्यान्वयन क्षमता सुधार

२४८. नेपाल सरकारसँगको समन्वयमा एकल खाता कोष प्रणाली, कम्प्युटरीकृत सरकारी लेखा प्रणाली र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको कार्यान्वयन मार्फत आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाई वित्तीय सुशासन कायम गरिनेछ।

२४९. प्रदेश गौरव, बहुवर्षिय लगायतका ठूला आयोजनाको विस्तृत आन्तरिक लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिएको छु। प्रदेश संरचनाका विभिन्न निकाय, कार्यालयले प्रयोगमा ल्याएका बजेट, आम्दानी र खर्च लेखाङ्कन सम्बन्धी सफ्टवेयरको सिस्टम अडिट गर्ने व्यवस्था मिलाएको छु।

२५०. प्रदेशको पूँजीगत खर्च गर्ने क्षमता अभिबृद्धि गरी तोकिएका आयोजना तथा कार्यक्रम समयमै सम्पन्न गर्न पहिलो त्रैमासिक अवधिभित्रै कार्ययोजना, कार्यविधि, खरिद योजना, लागत अनुमान तयारी लगायतका पूर्वतयारीका कार्य सम्पन्न गरी आयोजना कार्यान्वयनमा लैजाने व्यवस्था मिलाइनेछ।

२५१. विषयगत मन्त्रालयमा विनियोजन भएको रकम खर्च गर्ने क्रममा थप आर्थिक दायित्व सृजना नहुने योजना तथा कार्यक्रमको सम्बन्धमा कार्यविधि, निर्देशिका वा मापदण्ड निर्माण गर्दा सम्बन्धित मन्त्रालयले प्रचलित कानूनको अधिनमा रही त्यस्तो कार्यविधि वा मापदण्ड स्वीकृत गरी लागु गर्न सक्ने व्यवस्था मिलाएको छु।

## राजस्व परिचालन

२५२. संघीय सरकारमार्फत प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटमा निर्भर रहेको स्रोतगत संरचनालाई परिवर्तन गरी क्रमशः आन्तरिक राजस्वको हिस्सा बढाउन करको दायरा विस्तार तथा समयानुकुल करका दरमा पुनरावलोकन गर्ने नीति लिएको छु।

२५३. प्रदेश सरकारले लगाउँदै आएको घरजग्गा रजिष्ट्रेसन शूल्क र सवारी साधन करको विद्यमान व्यवस्थामा सामान्य हेरफेर गरेको छु।

२५४. प्रदेशको समग्र कृषि क्षेत्र र पर्यटन क्षेत्रलाई प्रोत्साहन गर्न आर्थिक वर्ष २०७९/८० मा कृषि आयमा लाग्ने कर र पर्यटन शूल्क पूर्णरुपमा छुट हुने व्यवस्था मिलाएको छु।

२५५. आर्थिक वर्ष २०७७/०७८ सम्म प्रदेश सरकारलाई बुझाउन बाँकी कर सम्वत् २०७९ साल पौष मसान्तभित्र बुझाएमा सो वापत लाग्ने ब्याज, शुल्क, दस्तुर र थप दस्तुरमा पचहत्तर प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु। प्रदेशको प्रचलित कानून बमोजिम बुझाउन बाँकी विवरण सम्वत् २०७९ साल पुस मसान्तसम्म बुझाउन सक्ने गरी म्याद थप गरेको छु।

२५६. प्राइभेट फर्म रजिष्ट्रशन ऐन, २०१४ तथा प्रदेश साझेदारी व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भएका आर्थिक वर्ष २०७७/७८ सम्मको नवीकरण नगरेका फर्म तथा उद्योगले सम्वत् २०७९ साल पुस मसान्तभित्र नियमानुसार लाग्ने नवीकरण दस्तुर एवम् जरिवाना तथा शुल्कको पाँच प्रतिशत रकम बुझाएमा बाँकी जरिवाना तथा शुल्क मिनाह हुने व्यवस्था मिलाएको छु।

२५७. प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा साझा अधिकार सूचीमा रहेका राजस्वको परिचालन, लेखाङ्कन, बाँडफाँट र प्रतिवेदन गर्न क्षमता अभिवृद्धि सहितका कर प्रणाली सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।

## स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण

२५८. आगामी आर्थिक वर्षदेखि स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणलाई थप व्यवस्थित र पारदर्शी बनाउन **सूचना प्रविधिमा आधारित योजना छनौट प्रणाली** कार्यान्वयनमा ल्याइनेछ।

२५९. आगामी आर्थिक वर्षको लागि स्थानीय तहमा समानीकरण अनुदानतर्फ ७६ करोड ४० लाख हस्तान्तरण गरेको छु। जुन चालु आर्थिक वर्षको तुलनामा ५.४५ प्रतिशतले बढी हुन आउँछ।

२६०. सवारी कर वापतको प्रदेश विभाज्य कोषबाट स्थानीय संचित कोषमा रू. २८ करोड बाँडफाँट भएर जाने अनुमान गरेको छु। जुन चालु आर्थिक वर्षको तुलनामा १६.६७ प्रतिशतले बढी हुन आउँछ।

२६१. आगामी आर्थिक वर्ष स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमका लागि समपुरक अनुदानतर्फ रू. ३५ करोड र विशेष अनुदानतर्फ रू. २५ करोड विनियोजन गरेको छु। आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने समपूरक र विशेष अनुदानलाई थप वस्तुनिष्ट र प्रभावकारी बनाउन विद्युतीय प्रणालीलाई प्रयोगमा ल्याइनेछ।

२६२. विषयगत मन्त्रालयबाट प्रस्तावित सशर्त अनुदानतर्फ विनियोजित कार्यक्रम तथा बजेट वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहमा पठाउने व्यवस्था मिलाएको छु। स्थानीय तहमा सशर्त अनुदानका कार्यक्रम हस्तान्तरण एवम् कार्यान्वयन सम्बन्धी व्यवस्था विनियोजन विधेयकमा  गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म माथि उल्लिखित नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि बजेट **विनियोजन र स्रोत व्यवस्थापनको अनुमान** प्रस्तुत गर्ने अनुमति चाहन्छुः

२६३. आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि मैले कुल रू. ३६ अर्ब ७४ करोड ६४ लाख ६५ हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रू. १२ अर्ब २९ करोड ५९ लाख ८४ हजार अर्थात् ३३.४६ प्रतिशत, पूँजीगततर्फ रू २४ अर्ब १४ करोड ४७ लाख ६१ हजार अर्थात् ६५.७१ प्रतिशत र अन्तरसरकारी वित्त हस्तान्तरण अन्तर्गत रू. १ अर्ब ३६ करोड ४० लाख अर्थात् ३.७१ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू. ३० करोड अर्थात् ०.८२ प्रतिशत हुने गरी विनियोजनको व्यवस्था मिलाएको छु।

२६४. आर्थिक वर्ष २०७९/८० का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्व परिचालनबाट रू. २ अर्ब, नेपाल सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने अनुमानित रकम रू. ९ अर्ब ६० करोड ५१ लाख, संघीय रोयल्टी बाँडफाँट भै प्राप्त हुने रू. ४ करोड ९३ लाख २८ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू. ९ अर्ब ७५ लाख र चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने अनुमानित रकम रू. ७ अर्ब ५३ करोड ३७ लाख ३७ हजार, सशर्त अनुदानबाट प्राप्त हुने रू. ६ अर्ब ९८ करोड ८० लाख, संघीय समपुरक अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रू. ७६ करोड ५० लाख र विशेष अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रू. ७९ करोड ७८ लाख प्राप्त हुने अनुमान गरेको छु ।

**माननीय सभामुख महोदय**

२६५. आर्थिक वर्ष २०७७/७८ को यथार्थ खर्च, आर्थिक वर्ष २०७८/७९ को संशोधित अनुमान र आर्थिक वर्ष २०७९/८० को अनुमानित आय व्यय विवरण अनुसूचीमा उल्लेख गरेको छु। मध्यमकालीन खर्च संरचना र विषयगत मन्त्रालयको चालु आर्थिक वर्षको प्रगति विवरण यसै साथ प्रस्तुत गरिएको छ।

२६६. आर्थिक वर्ष २०७९/८० मा अन्तर-सरकारी वित्त व्यवस्थापनको माध्यमबाट स्थानीय तहमा हस्तान्तरण हुने समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानको विवरण व्यय अनुमानमा खुलाई पेश गरेको छु।

२६७. आगामी आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट कृषि तथा पशुपन्छी, पर्यटन, पूर्वाधार निर्माण र शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि भई आर्थिक क्रियाकलाप गतिशिल हुने, थप रोजगारीका अवसर सिर्जना हुने, गुणस्तरीय शिक्षा तथा आधारभुत स्वास्थ्य सेवाको पहुँच वृद्धि हुने, गरिबी निवारणमा योगदान पुग्ने, सेवा प्रवाहमा सुधार हुने र समाजवाद् उन्मुख अर्थतन्त्रको आधार निर्माणमा योगदान पुग्ने अपेक्षा लिएको छु।

२६८. बजेट तर्जुमा गर्ने क्रममा मलाई मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, यस प्रदेशबाट संघीय संसदमा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यू, माननीय मन्त्रीज्यू, माननीय उपसभामुखज्यू, प्रदेश सभाका विषयगत समितिका माननीय सभापतिज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। मैले सम्मानित प्रदेश सभामा पेश गरेको बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गरी सुझाव प्रदान गर्नु भएकोमा माननीय सदस्यज्यूहरू प्रति हार्दिक आभार ब्यक्त गर्दछु।

२६९. बजेट तर्जुमा प्रक्रियामा आ-आफ्नो तर्फबाट रचनात्मक सुझाव दिनुहुने राजनीतिक दल, स्थानीय तहका पदाधिकारी, अर्थविद्, निजी क्षेत्र तथा सहकारी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सामुदायिक तथा सामाजिक संघ-संस्था, सञ्चार जगत र देश विदेशमा रहनु भएका प्रदेशवासीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२७०. अन्तमा, प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन र अनुगमन मूल्याङ्कनबाट मात्र **'आत्मनिर्भर र समृद्ध सुदूरपश्चिम प्रदेश'** निर्माण गर्ने सरकारको दिर्घकालीन सोचलाई साकार पार्न सकिन्छ। बजेट कायान्र्वयनको अभियानमा सक्रिय सहभागिता एवम् सार्थक सहयोगका लागि सबै सरोकारवाला पक्षलाई हार्दिक आह्वान गर्दछु। सबै दिदीबहिनी तथा दाजुभाइहरूलाई सुदूरपश्चिम प्रदेशको विकास प्रयासमा सरिक भई नागरिकको जीवनस्तरमा उल्लेखनीय परिवर्तन ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु।

धन्यवाद

**जय सुदूरपश्चिम प्रदेश !!!**